# सैनिक ऐन, २०६३

*(मिति २०७४ साल पुष मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# सैनिक ऐन, २०६३

प्रमाणीकरण र प्रकाशन मिति
२०६३।६।१२

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◙ | २०६६।१०।७ |
| २. | केही नेपाल कानून संशोधन र खारेज गर्ने ऐन, २०७२ | २०७२।६।१४ |
| ३. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ४. | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४♣ | २०७४।६।३० |

२०६३ सालको ऐन नं. ७

नेपाली सेना सम्बन्धी कानूनमा संशोधन र एकीकरणको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : ऐतिहासिक जनआन्दोलनको परिणाम स्वरुप नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको र राज्य शक्तिको स्रोत नेपाली जनता नै रहेको हुँदा नेपाली सेनालाई नेपाली जनताप्रति उत्तरदायी बनाउन नेपाली सेनाको स्थापना, व्यवस्था, नियन्त्रण, प्रयोग र परिचालन सम्बन्धमा प्रचलित कानूनी व्यवस्थामा समयानुकूल संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधि सभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधि सभाले यो ऐन बनाएकोछ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम “सैनिक ऐन, २०६३” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “नेपाली सेना” भन्नाले यस ऐन अन्तर्गत नेपाली सेनामा नियुक्त व्यक्तिहरूको सामूहिक सङ्गठन वा त्यसको कुनै अङ्ग सम्झनु पर्छ ।

---

◙ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।
♣ यो ऐन सम्वत् २०७५ साल भदौ १ गतेदेखि प्रारम्भ हुने ।

(ख) “बल (फोर्स)” भन्नाले नेपाल सरकारले खास कामको निमित्त खडा गरेको नेपाली सेनाको कुनै अङ्ग वा समूहको सङ्गठित बल सम्झनु पर्छ ।

(ग) “जङ्गी कारबाहीमा लागेको” भन्नाले देहायका कुनै अवस्था सम्झनु पर्छ :-

(१) नेपाली सेनाको कुनै अङ्ग भई वा त्यस्तो अङ्गसँग मिली शत्रु विरुद्ध कारबाहीमा लागेको वा काम गरिरहेको,

(२) पूर्ण वा आंशिक रुपमा शत्रुले कब्जा गरिराखेको मुलुक वा स्थानमा जङ्गी कारबाही गरिरहेको वा त्यस्तो मुलुक वा स्थानतिर बढ्दै गैरहेको नेपाली सेनाको कुनै अङ्ग भै वा त्यस्तो सेनासँग मिली काम गरिरहेको,

(३) कुनै विदेशी मुलुकको सैनिकको कब्जामा रहेको बखत नेपाली सेनाको कुनै अङ्ग भै वा त्यस्तो सेनासँग मिली काम गरिरहेको,

(४) हतियार लिई वा नलिई विध्वंसात्मक वा हिंसात्मक कारबाहीमा लागेका वा लाग्ने आशङ्का भएका जुनसुकै व्यक्ति वा समूह विरुद्ध नेपाली सेनाको कुनै अङ्ग भै वा त्यस्तो सेनासँग मिली आन्तरिक सुरक्षाको कारबाहीमा संलग्न रहेको,

(५) नेपाल सरकारले दफा १३५ बमोजिम जङ्गी कारबाहीमा लागेको भनी घोषणा गरेको ।

(घ) “प्रधान सेनापति (चीफ अफ दी आर्मी स्टाफ)” भन्नाले दफा ८ बमोजिम नियुक्त नेपाली सेनाको प्रधान सेनापति सम्झनु पर्छ ।

(ङ) “अधिकृत” भन्नाले पदिक भन्दा माथिका नेपाली सेनाका अधिकृत सम्झनु पर्छ र सो शब्दले जगेडा बल (रिजर्भ फोर्स) का सो सरहका अधिकृत समेतलाई जनाउँछ ।

(च) “पदिक (जुनियर कमिशण्ड अफिसर)” भन्नाले नेपाली सेनाको प्रमुख सुवेदार, सुवेदार, जमदार सम्झनु पर्छ र सो शब्दले जगेडा बलको सो सरहका व्यक्ति समेतलाई जनाउँछ ।

(छ) “कमाण्डिङ्ग अधिकृत” भन्नाले देहायका कुनै अधिकृत सम्झनु पर्छ :-

(१) युनिट, सब-युनिटको तालुकवाला,

(२) युनिट वा सब-युनिटका टुकडी बेग्लै खटिएका बेलामा त्यस्ता टुकडीहरूलाई मातहतमा राख्ने पदाधिकारी,

(३) दफा ३ को उपदफा (१) को खण्ड (ख) अन्तर्गतको हरेक व्यक्तिको लागि आफू संलग्न भएको कुनै चमु, डिट्याचमेण्ट डिपार्टमेण्टको कमाण्डिङ अधिकृत,

(४) उपखण्ड (३) बमोजिम आफू कहीं संलग्न नभएको अवस्थामा आफूले तत्काल सेवा गरिराखेको बलको कमाण्ड गर्ने अधिकृतले निजको कमाण्डिङ अधिकृत भनी मनोनीत गरेको वा तोकेको अधिकृत,

(५) उपखण्ड (४) बमोजिम कुनै अधिकृत मनोनीत वा तोकेको नभएमा सम्बन्धित बल कमाण्ड गर्ने अधिकृत ।

(ज) "बिल्लादार (नन कमिशण्ड अफिसर)" भन्नाले नेपाली सेनाका हुद्दा, अमलदार, प्युठ सम्झनु पर्छ र सो शब्दले खास कामका निमित्त खडा भएको बलमा रहेको त्यस्तो दर्जाका व्यक्ति समेतलाई जनाउँछ ।

(झ) "चमु" भन्नाले नेपाली सेना अन्तर्गत चमु भनी खडा गरिएको छुट्टै एकाइ सम्झनु पर्छ ।

(ञ) "पृतना" भन्नाले नेपाली सेना अन्तर्गत पृतना भनी खडा गरिएको छुट्टै एकाइ सम्झनु पर्छ ।

(ट) "वाहिनी" भन्नाले नेपाली सेना अन्तर्गत वाहिनी भनी खडा गरिएको छुट्टै एकाइ सम्झनु पर्छ ।

(ठ) "गण" भन्नाले नेपाली सेना अन्तर्गत गण भनी खडा गरिएको छुट्टै एकाइ सम्झनु पर्छ ।

(ड) "पति" भन्नाले अधिकृतदेखि बिल्लादारसम्मका दर्जालाई जनाउँछ ।

(ढ) "आफू भन्दा माथिको अधिकृत" भन्नाले आफू भन्दा निकटतम् माथिको अधिकृत सम्झनु पर्छ र यस प्रयोजनको लागि पदिक वर्ग तथा बिल्लादार समेतलाई जनाउँछ ।

(ण) "कसूर" भन्नाले परिच्छेद-७ बमोजिमको कसूर मानिने कार्य सम्झनु पर्छ ।

(त) "शत्रु" भन्नाले यस ऐनको क्षेत्राधिकारभित्र पर्ने जुनसुकै व्यक्तिले कारबाही गर्नु पर्ने सशस्त्र सैनिक विद्रोही, सशस्त्र देशद्रोही,

सशस्त्र उपद्रवी, सशस्त्र डाँकु तथा अन्य जुनसुकै सशस्त्र व्यक्ति सम्झनु पर्छ ।

(थ) "सैनिक अदालत" भन्नाले दफा ६७ बमोजिमको जनरल सैनिक अदालत, समरी जनरल सैनिक अदालत, डिष्ट्रिक्ट सैनिक अदालत, समरी सैनिक अदालत र दफा ११९ बमोजिमको सैनिक विशेष अदालत सम्झनु पर्नेछ ।

(द) "समिति" भन्नाले दफा २९ बमोजिमको सैनिक कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ध) "कल्याणकारी कार्य" भन्नाले बहालवाला तथा भूतपूर्व सैनिक व्यक्ति र निजका परिवारको हितको लागि बीमा, औषधोपचार, स्वास्थ्य, छात्रवृत्ति, आवास उपलब्ध गराउने तथा क्यान्टिन सञ्चालन गर्ने कार्य सम्झनु पर्छ  र सो शब्दले विद्यालय तथा महाविद्यालय स्थापना गरी सञ्चालन गर्ने कार्यलाई समेत जनाउँछ ।

(न) "कल्याणकारी योजना" भन्नाले कल्याणकारी कार्यमा सहयोग पुऱ्याउने आयमूलक कार्य सम्झनु पर्छ र सो शब्दले नेपालमा स्थापना हुने पूर्वाधार एवं सेवामूलक परियोजना, वित्तीय संस्था तथा उद्योग व्यवसायमा तोकिएको आधारमा ऋण वा शेयर लगानी गर्ने कार्यलाई समेत जनाउँछ ।

तर यस्तो लगानी प्रवर्द्धकको रुपमा हुने छैन ।

(प) "आयमूलक कार्य" भन्नाले कल्याणकारी कार्यमा सहयोग पुऱ्याउन प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी कुनै संस्थामा लगानी गरी आय आर्जन गर्ने कार्य सम्झनु पर्छ ।

(फ) "सैनिक प्रहरी प्रमुख" भन्नाले दफा ७८ बमोजिम नियुक्त सैनिक प्रहरी प्रमुख सम्झनु पर्छ र सो शब्दले निजको मातहतमा रही निजको तर्फबाट कानून बमोजिम अधिकार प्रयोग गर्ने अन्य जुनसुकै व्यक्ति समेतलाई जनाउँछ ।

(ब) "प्राड विवाक" भन्नाले दफा ८१ बमोजिम सैनिक अदालतमा प्राड विवाकको रुपमा उपस्थित हुने व्यक्ति सम्झनु पर्छ ।

(भ) "अन्य अदालत" भन्नाले प्रचलित कानून बमोजिम गठित सैनिक अदालत बाहेकको अन्य अदालत सम्झनु पर्छ ।

(म) "विभागीय सजाय" भन्नाले दफा १०५ बमोजिम दिइने विभागीय सजाय सम्झनु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(य) "कारागार" भन्नाले कारागार सम्बन्धी प्रचलित कानून बमोजिमको कारागार सम्झनु पर्छ र सो शब्दले दफा १३६ बमोजिमको सैनिक कारागार समेतलाई जनाउँछ ।

(र) "आदेश" भन्नाले यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम अधिकार प्राप्त अधिकारीले जारी गरेको आदेश सम्झनु पर्छ ।

(ल) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिहरू</u> : (१) देहायका व्यक्तिहरू यस ऐनको क्षेत्राधिकारभित्र पर्नेछन् :-

(क) यस ऐन अन्तर्गत नेपाली सेनामा नियुक्त व्यक्तिहरू,

(ख) जङ्गी कारबाहीको निमित्त क्याम्पमा वा मार्चमा वा नेपाल सरकारबाट जङ्गी कारबाहीको इलाका भनी घोषित इलाकामा नेपाली सेनाले काममा लगाएका वा नेपाली सेनाको सेवामा रहेका वा नेपाली सेनाको कामको सहयोगमा जाने गैर सैनिक व्यक्तिहरु,

(ग) नेपाली सेनामा नियुक्त हुन छानिएका व्यक्तिहरू ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमका व्यक्ति आफू संलग्न कुनै विभाग, फर्मेशन वा एकाइको कमाण्डिङ्ग अधिकृतको मातहतमा रहेको मानिनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको व्यक्ति उपदफा (२) बमोजिम कुनै विभाग, फर्मेशन वा एकाइको कमाण्डिङ्ग अधिकृतको मातहतमा संलग्न नरहेको अवस्थामा आफूले केही समयको लागि तत्काल सेवा गरिराखेको बलको कमाण्ड गर्ने अधिकृतले निजको कमाण्डिङ्ग अधिकृत भनी तोकेको वा मनोनीत गरेको अधिकृत वा त्यसरी तोकिएको वा मनोनीत नगरिएको भए सम्बन्धित बलको कमाण्ड गर्ने अधिकृतको कमाण्डमा रहेको मानिनेछ ।

(४) बलको कमाण्डिङ्ग अधिकृतले उपदफा (१) को खण्ड (ख) मा उल्लेख गरिएका कुनै पनि व्यक्तिलाई निज भन्दा माथिल्लो अधिकृत भएसम्म निज भन्दा तल्लो अधिकृतको मातहतमा राख्न हुँदैन ।

(५) उपदफा (१) बमोजिमका व्यक्तिहरूले नेपाल राज्य बाहिर कसूर गरेमा पनि यस ऐनको क्षेत्राधिकार कायम हुनेछ ।

(६) उपदफा (१) बमोजिमका व्यक्तिहरुले संयुक्त राष्ट्र संघको शान्ति सेनामा संलग्न भई खटिएको देशका नागरिक विरुद्ध गरेका कसूरहरु अन्य अदालतको क्षेत्राधिकारभित्र पर्दछन् ।

## परिच्छेद-२

## नेपाली सेनाको स्थापना र व्यवस्था

४. नेपाली सेनाको स्थापना र व्यवस्था : ◎(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाको लागि नेपाली सेनाको स्थापना गरिनेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाली सेना यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(३) नेपाली सेनाको व्यवस्था यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरूमा उल्लेख भए बमोजिम हुनेछ र अन्य कुराहरूको हकमा नेपाल सरकारले निर्देशन दिए बमोजिम हुनेछ ।

५. ⌛................

६. राष्ट्रिय सुरक्षा परिषद् : (१) ✂...........

(२) ✂.............

(३) ◎नेपालको संविधानमा उल्लिखित कामको अतिरिक्त राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य तथा अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) नेपाली सेनाको ☞परिचालन, सञ्चालन र प्रयोग सम्बन्धी नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) नेपाली सेनाको सङ्ख्या र सङ्गठनात्मक संरचना सम्बन्धमा नेपाल सरकारलाई सुझाव पेश गर्ने,

(ग) नेपाली सेनाको व्यवस्थापन सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव पेश गर्ने,

(घ) नेपाली सेनाको हतियार, खरखजाना तथा अन्य सैन्य सामग्रीको व्यवस्थापन सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव पेश गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

(४) ▮................

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
⌛ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज ।
✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
☞ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।
▮ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) राष्ट्रिय सुरक्षा परिषद्को काम कारबाही सञ्चालन गर्नका लागि रक्षा मन्त्रालय अन्तर्गत एक सचिवालय रहनेछ । सचिवालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) राष्ट्रिय सुरक्षा परिषद्को बैठक सम्बन्धी कार्यविधि राष्ट्रिय सुरक्षा परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. सङ्गठनको स्वरुप : (१) नेपाली सेनाको सङ्गठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नीति, योजना तथा कार्यक्रम बनाउनेछ ।

(३) नेपाली सेनाको सङ्गठनात्मक संरचना तथा दरबन्दी सङ्ख्या नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

तर महारथीको दरबन्दी एक मात्र रहनेछ र सोही महारथीलाई प्रधान सेनापतिमा नियुक्ति गरिनेछ ।

(४) नेपाली सेनाको संगठनमा प्रधान सेनापति र अनुसूची-१ मा उल्लेख भएका पदहरु रहने छन् ।

## परिच्छेद-३

## प्रधान सेनापतिको नियुक्ति, काम, कर्तव्य र अधिकार

८. प्रधान सेनापति : ☞(१) प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्नेछ । निजलाई दर्ज्यानी चिन्ह राष्ट्रपतिबाट प्रदान गरिनेछ ।

(२) प्रधान सेनापति नेपाली सेनाको प्रमुख हुनेछ ।

(३) विदामा बसेको वा अन्य कुनै कारणले प्रधान सेनापतिको पद रिक्त हुन आएको अवस्थामा ☞मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले तोकेको नेपाली सेनाको वरिष्ठ अधिकृतले कायम मुकायम भई प्रधान सेनापतिको कार्यभार सम्हाल्नेछ ।

९. नेपाल सरकार प्रति उत्तरदायी हुने : (१) प्रधान सेनापति आफूले सम्पादन गर्नु पर्ने काम कर्तव्यको सम्बन्धमा नेपाल सरकार प्रति उत्तरदायी हुनेछ ।

(२) प्रधान सेनापतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-२ बमोजिमको ढाँचामा ☞राष्ट्रपति समक्ष शपथ लिनु पर्नेछ ।

---

☞ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

१०. प्रधान सेनापतिको काम, कर्तव्य र अधिकार : (१) नेपाल सरकारले दिएको निर्देशन र प्रचलित कानूनको अधीनमा रही नेपाली सेनाको व्यवस्थापन गर्नु प्रधान सेनापतिको काम र कर्तव्य हुनेछ ।

(२) प्रधान सेनापतिले प्रत्येक वर्ष वैशाख महीनाभित्र नेपाली सेनाको व्यवस्थापन सम्बन्धी वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुत गर्नेछ र त्यसरी प्राप्त प्रतिवेदन नेपाल सरकारले ☞व्यवस्थापिका-संसदमा प्रस्तुत गरी राज्य व्यवस्था समितिमा छलफल गराईनेछ ।

(३) प्रधान सेनापतिको अन्य काम, कर्तव्य र अधिकार यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरूमा तोकिए बमोजिम हुनेछ ।

११. उमेरको हद तथा पदावधि : (१) प्रधान सेनापति ६१ वर्षको उमेरसम्म आफ्नो पदमा बहाल रहनेछ ।

(२) उपदफा (१) को अधीनमा रही प्रधान सेनापतिको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक सम्झेमा सो अवधि पूरा हुनु अगावै प्रधान सेनापतिलाई +मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अवकाश दिन सक्नेछ । त्यसरी अवकाश दिनु पूर्व सफाईको मौका दिईनेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको प्रधान सेनापति उपदफा (२) को अधीनमा रही आफ्नो पदमा बहाल रहनेछ ।

## परिच्छेद-४

## नियुक्ति तथा सेवाका शर्तहरू

१२. नियुक्ति तथा पद पूर्ति : (१) नेपाली सेनामा रिक्त अधिकृत तहको पद पूर्तिका लागि सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्ष वा लोक सेवा आयोगले तोकेको सो आयोगको सदस्यको अध्यक्षतामा र अधिकृत भन्दा तल्लो तहको पद पूर्तिका लागि सिफारिस गर्न लोक सेवा आयोगले तोकेको प्रतिनिधि समेत सदस्य रहने गरी तोकिए बमोजिमको पदपूर्ति समिति रहनेछ ।

◎तर पदपूर्तिको लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।

---

☞ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।
+ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा थप ।
◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) नेपाली सेनाका विभिन्न पदमा नियुक्त हुनको लागि आवश्यक पर्ने योग्यता तोकिए बमोजिम हुनेछ ।

१३. अयोग्यता : (१) देहायको व्यक्ति नेपाली सेनामा नियुक्त हुन अयोग्य मानिनेछ :-

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(घ) मानव अधिकार हननमा कसूरदार ठहरिएको,

(ङ) दफा १२ को उपदफा (४) बमोजिम तोकिएको योग्यता नभएको ।

(२) उपदफा (१) को खण्ड (क) मा लेखिएको कुराले अल्पकालको लागि गैर नेपाली नागरिकबाट प्राविधिक तथा विशेषज्ञ सेवा प्राप्त गर्न नेपाल सरकारलाई बाधा पुऱ्याएको मानिने छैन ।

१४. नियुक्त गर्ने अधिकारी : यस ऐनको दफा १२ बमोजिम पद पूर्ति समितिको सिफारिसमा नेपाली सेनाको अधिकृत तहको पदमा नेपाल सरकारले र अन्य तहको पदमा तोकिएको अधिकारीले नियुक्त गर्नेछ ।

१५. आयुक्त पद प्रदान गर्ने : यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरूमा उल्लिखित व्यवस्थाहरूको अधीनमा रही योग्य ठहरिएका नेपाली सेनाका अधिकृतलाई रक्षा मन्त्रीले आयुक्त पद प्रदान गर्नेछ ।

१६. शपथ ग्रहण गर्ने : नेपाली सेनाको पदमा नियुक्त हुने प्रत्येक व्यक्तिले अनुसूची-२ मा तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

१७. सेवाको अवधि : (१) दफा ११ मा उल्लेख भएदेखि बाहेक नेपाली सेनामा कार्यरत अधिकृतको उमेरको हद अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) को अधीनमा रही नेपाली सेनाका अधिकृतको पदावधि अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लामो अवधिसम्म सेवा गरी शारीरिक रुपमा सक्षम रहेका अधिकृतको सेवा नेपाली

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

सेनाका लागि आवश्यक छ भनी मनासिब आधार र कारण खोली नेपाल सरकार समक्ष प्रधान सेनापतिले सिफारिस गरेमा नेपाल सरकारले अनुसूची-५ बमोजिम पदावधि थप गर्न सक्नेछ ।

१८. सेवाबाट हटाउने तथा दर्जा घटाउने : (१) नेपाल सरकारले नेपाली सेनामा कार्यरत जुनसुकै व्यक्तिलाई पनि सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(२) प्रधान सेनापतिले अधिकृत बाहेक नेपाली सेनामा कार्यरत जुनसुकै व्यक्तिलाई पनि तल्लो तलबमानमा ओह्राल्न वा दर्जा घटाउन वा सेवाबाट हटाउन सक्नेछ ।

(३) चमु, पृतना, वाहिनी वा सो सरहका पति वा सो सरह अख्तियार पाएका अधिकृतले अधिकृत र पदिक बाहेक आफ्नो मातहतमा रहेका जुनसुकै व्यक्तिलाई सेवाबाट हटाउन वा दर्जा घटाउन सक्नेछ ।

(४) युनिट, सव-युनिटका कमाण्डिङ्ग अधिकृतले आफ्नो मातहतमा रहेका हुद्दा र सो भन्दा तल्लो दर्जाका सैनिकलाई सेवाबाट हटाउन वा दर्जा घटाउन सक्नेछ ।

(५) यस दफा बमोजिमको अधिकार प्रयोग गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूको अधीनमा रही गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिमको कारबाही गर्दा सफाईको मौका प्रदान गरिनेछ ।

(७) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति कार्यभारबाट मुक्त भएपछि वा हुने अवस्थामा निजको कमाण्डिङ्ग अधिकृतले निजलाई तोकिए बमोजिमको विवरण खोलिएको प्रमाणपत्र दिनेछ ।

१९. संघ, संस्था खोल्न, सञ्चालन गर्न तथा भाग लिन नहुने : (१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै पनि व्यक्तिले देहायको काम कारबाही गर्नु हुँदैन :-

(क) संघ, संस्था वा सङ्गठन खोल्न, सञ्चालन गर्न, सदस्य बन्न, सहयोग गर्न वा त्यस्तो संघ, संस्था वा सङ्गठनले आयोजना गरेको कार्यक्रममा भाग लिन,

(ख) कुनै सभामा भाग लिन, भाषण गर्न वा राजनीतिक वा यस्तै अन्य उद्देश्यबाट कुनै व्यक्ति वा समूहले आयोजना गरेको प्रदर्शनमा भाग लिन,

(ग) कुनै पर्चा, पाम्प्लेट वा त्यस्तै प्रकारका अन्य कागजपत्रहरू छपाउन ।

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले नेपाल सरकारको स्वीकृति लिई

यस ऐनको अधीनमा रही कुनै धार्मिक, सामाजिक, सांस्कृतिक तथा मनोरञ्जनात्मक संघ, संस्था वा सङ्गठनलाई सहयोग गर्न वा त्यस्तो संघ, संस्था वा सङ्गठनद्वारा आयोजित कार्यक्रममा भाग लिन बाधा पुऱ्याएको मानिने छैन ।

२०. **तालीम तथा प्रशिक्षण** : (१) नेपाली सेनाको संगठनमा समावेश गरिने कुनै पनि व्यक्तिलाई सैनिक शिक्षा, आचरण, शारीरिक अभ्यास, मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानून लगायतका विषयमा तालीम तथा प्रशिक्षण दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको तालीम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **बढुवा, विदा र सेवाका अन्य शर्त तथा सुविधा** : नेपाली सेनाको नियुक्ति, बढुवा, विदा र सेवाका अन्य शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## सुविधा तथा उन्मुक्ति

२२. **कर्तव्य पालनको सिलसिलामा गरेको कामको बचाउ** : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैको मृत्यु भएमा वा कसैलाई क्षति हुन गएमा त्यस्तो व्यक्ति उपर कुनै पनि अदालतमा मुद्दा चलाउन सकिने छैन ।

तर दफा ६२ र ६६ मा उल्लिखित कसूरहरुलाई कर्तव्य पालनको सिलसिलामा असल नियतले गरिएको कार्य मानिने छैन ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "कर्तव्यपालनको सिलसिलामा असल नियतले गरिएको कुनै कार्य" भन्नाले कर्तव्यपालना गर्दा गरिने कार्यका साथै आन्तरिक सुरक्षा वा आत्मरक्षाको लागि गरिने कार्य, फ्ल्यागमार्च, पेट्रोलिङ्ग, चपटे ड्युटी समेतलाई जनाउँछ ।

२३. **पक्राउबाट उन्मुक्ति** : (१) सैनिक अदालतको कुनै अध्यक्ष वा सदस्य वा प्राड विवाक वा सैनिक अदालतको कारबाहीसँग सम्बन्धित कुनै व्यक्ति, निजको कानून व्यवसायी, वारिस वा सैनिक अदालतबाट जारी भएको समाह्वान बमोजिम हाजिर हुन आउने साक्षीलाई सैनिक अदालतमा हाजिर हुन जान लागेको वा त्यहाँबाट फर्किरहेको समयमा कुनै अदालत वा अर्ध न्यायिक अधिकारीको आदेशले पक्राउ गरिने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्रिएको भन्ने जानकारी प्राप्त हुन आएमा सैनिक अदालतले सम्बन्धित अधिकारीलाई त्यसरी पक्राउ परेको व्यक्ति तुरुन्त छोडिदिनका लागि अनुरोध गर्न सक्नेछ ।

(३) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति जङ्गी कारबाहीमा रहेको अवस्थामा निजले तिर्नु बुझाउनु पर्ने ऋण बापत निजलाई कुनै अदालत वा अर्ध न्यायिक अधिकारीको निर्णय, फैसला वा आदेशले थुनछेक गरिने छैन ।

(४) उपदफा (१) बमोजिम पक्राउ गर्न नहुने व्यक्ति पक्राउ परेको भन्ने जानकारी प्राप्त हुन आएमा अन्य अदालत वा अर्ध न्यायिक अधिकारीले तुरुन्त छोडिदिनु पर्नेछ ।

२४. रोक्का वा जफत नगरिने : सैनिक अदालत बाहेक अन्य अदालत वा अर्ध न्यायिक अधिकारीको निर्णय, फैसला वा आदेशले यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रयोग गरेका हात हतियार, लत्ताकपडा, सैनिक सरसामान, जनावर, सवारी साधन र मालसामान लगायत तलब, भत्ता पूर्ण वा आंशिक रुपमा रोक्का वा जफत गरिने छैन ।

२५. जगेडा बलले पाउने उन्मुक्ति र सुविधा : दफा २३ को उपदफा (३) र दफा २४ बमोजिमको उन्मुक्ति तथा सुविधा जगेडा बलमा रहेका व्यक्तिले नेपाल सरकारबाट तालीम वा काममा बोलाइएको बखत जाँदा आउँदा वा काममा रहिरहँदाको अवस्थामा पनि पाउनेछन् ।

२६. मुद्दा मामिलामा प्राथमिकता : (१) नेपाली सेनामा कार्यरत कुनै व्यक्ति पक्ष भई कुनै अड्डा अदालतमा दायर रहेको मुद्दा सुनुवाइको क्रममा आफ्नो विदा स्वीकृत गर्ने अधिकारीबाट सो प्रयोजनको लागि विदा स्वीकृत गराई उपस्थित भएको रहेछ भने निजले विदाको अवधिभित्र मुद्दाको किनारा गर्न विदा स्वीकृत भएको पत्र र मुद्दाको विवरण समेत संलग्न गरी निवेदन दिएमा सम्बन्धित अड्डा अदालतले पनि विदाको अवधिभित्रै त्यस्तो मुद्दाको किनारा गरिदिन प्राथमिकताको क्रममा राखिदिनु पर्नेछ ।

(२) उपदफा (१) अन्तर्गत दिइने निवेदन बापत दस्तुर लाग्ने छैन ।

(३) विदाको अवधिभित्र मुद्दाको किनारा हुन नसक्ने भएमा अड्डा अदालतले सोही व्यहोराको जानकारी दिनु पर्नेछ ।

(४) विदा स्वीकृत गर्ने अधिकारीको विषयमा प्रश्न उठेमा पृतनापति वा वाहिनीपति वा सो सरहका अधिकारीको निर्णय अन्तिम हुनेछ ।

२७. मर्का वा अन्याय परेको विषयमा उजूरी : (१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै अधिकृतलाई कमाण्डिङ्ग अधिकृत वा आफूभन्दा माथिको अधिकृतले कुनै विषयमा मर्का पारेमा सो विरुद्ध निजले आफ्नो कमाण्डिङ्ग अधिकृत समक्ष उजूरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजूरीको सम्बन्धमा कमाण्डिङ्ग अधिकृत वा पतिले दिएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले प्रधान सेनापति समक्ष निवेदन दिन सक्नेछ ।

(३) अधिकृत तह भन्दा मुनिको व्यक्तिको हकमा निजले सम्बन्धित पति समक्ष उजूरी दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम उजूरी दिँदा पतिबाट निजलाई परेको मर्काको सुनुवाइ नभएको अवस्थामा कमाण्डिङ्ग अधिकृत समक्ष र कमाण्डिङ्ग अधिकृतबाट पनि सुनुवाइ नभएमा वा निजको निर्णयमा चित्त नबुझेमा सो भन्दा माथिल्लो तहका कमाण्डिङ्ग अधिकृत समक्ष उजूरी दिन पाउनेछ र त्यस्तो उजूरी पर्न आएमा कमाण्डिङ्ग अधिकृतले त्यस्तो उजुरवालालाई सोको निस्सा दिई माथिल्लो तहमा पठाइदिनु पर्नेछ । कमाण्डिङ्ग अधिकृतले त्यस्तो उजूरी माथिल्लो तहमा नपठाएमा निज उपर अनुशासनात्मक कारबाही हुनेछ ।

(५) उपदफा (१) र (४) बमोजिम पर्न आएको उजूरीको सम्बन्धमा उजूरी सुन्ने अधिकृतले जाँचबुझ गरी उजुरवालालाई परेको मर्का निराकरण गर्नु पर्नेछ र आवश्यक परेमा उजूरीलाई आफू भन्दा माथिको अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(६) उजूरी सुन्ने अधिकृत विरुद्ध नै उजुर गर्नु पर्ने रहेछ भने मर्का पर्ने व्यक्तिले त्यस्तो अधिकृत भन्दा माथिको अधिकृत समक्ष उजूरी दिन सक्नेछ ।

(७) यस दफा बमोजिमको उजूरी सम्बन्धमा प्रधान सेनापतिबाट भएको निर्णय अन्तिम हुनेछ ।

(८) उजूरीको सुनुवाइ गर्ने तरिका तोकिए बमोजिम हुनेछ ।

(९) नेपाल सरकारले मुनासिब ठानेमा यस दफा बमोजिम भएको निर्णयको पुनरावलोकन गर्न सक्नेछ ।

२८. <u>प्रचलित कानून बमोजिम प्राप्त सुविधामा असर नपार्ने</u> : यस परिच्छेद बमोजिम प्राप्त हुने सुविधालाई प्रचलित कानून बमोजिम प्राप्त गरेको अन्य सुविधाले असर पार्ने छैन ।

## परिच्छेद-६

## सैनिक कल्याणकारी कोष

२९. <u>कल्याणकारी कोषको स्थापना र सञ्चालन</u> : (१) नेपाली सेनाका बहालवाला तथा भूतपूर्व व्यक्ति र निजका परिवारको कल्याण सम्बन्धी कार्यका लागि एक कल्याणकारी कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् :-

(क) संयुक्त राष्ट्र संघको आव्हानमा विश्वको कुनै पनि भागमा शान्ति स्थापना गर्ने कार्यमा खटिएका नेपाली सेनाले सेवा गरे

बापत प्राप्त हुने रकमबाट तोकिए बमोजिमको प्रतिशतले कट्टा गरेको रकम,

(ख) विभिन्न बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको रकममा प्राप्त ब्याजबाट कल्याणकारी कार्य सञ्चालन गरी बचत हुन आएको रकम,

(ग) तोकिए बमोजिमका कल्याणकारी कार्यमा लगानी गरी आर्जन गरेको रकम,

(घ) संवत् २०३२ साल आषाढ महिना देखि यो ऐन प्रारम्भ हुँदाको बखतसम्मको मूल धनको रुपमा विभिन्न बैंक तथा वित्तीय संस्थामा राखिएको रकम र सोबाट प्राप्त व्याज रकम,

(ङ) कल्याणकारी कार्यको लागि नेपाली जङ्गी अड्डाले तोकेको संस्थाको नाममा रहेको चल अचल सम्पत्ति र सोबाट बढे बढाएको रकम,

(च) कल्याणकारी कार्यको लागि नेपाली सेनाले हाल प्रयोग गरिरहेको चल अचल सम्पत्ति र सोबाट बढे बढाएको रकम ।

(३) उपदफा (१) बमोजिमको कल्याणकारी कोष सञ्चालन गर्न देहाय बमोजिमको सात सदस्यीय एक सैनिक कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :-

(क) प्रधान सेनापति - अध्यक्ष

(ख) संरक्षकबाट भूतपूर्व र बहालवाला सैनिक अधिकृत मध्येबाट मनोनीत दुईजना - सदस्य

(ग) प्रधान सेनापतिबाट बहालवाला र भूतपूर्व सैनिक अधिकृत मध्येबाट मनोनीत दुईजना - सदस्य

(घ) प्रतिनिधि, अर्थ मन्त्रालय (रा.प.प्रथम श्रेणीको अधिकृत) - सदस्य

(ङ) प्रतिनिधि, रक्षा मन्त्रालय (रा.प.प्रथम श्रेणीको अधिकृत) - सदस्य

(४) समितिको दैनिक कार्य सञ्चालनमा सहयोग पुऱ्याउनका लागि नेपाली जङ्गी अड्डामा एक कल्याणकारी योजना निर्देशनालय रहनेछ । यसको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) उपदफा (२) बमोजिम कल्याणकारी कोषमा जम्मा भएको रकम नेपाली सेनाका बहालवाला तथा भूतपूर्व व्यक्ति र निजहरुका परिवारको कल्याणको लागि तोकिए बमोजिम खर्च गरिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "परिवार" भन्नाले नेपाली सेनाका भूतपूर्व तथा बहालवाला व्यक्तिले आफैंले पालनपोषण गर्नु पर्ने पति वा पत्नी, छोरा, छोरी र आमा बाबु र महिला कर्मचारीको हकमा निजका सासू, ससूरा समेतलाई जनाउँछ ।

३०. कोषको संरक्षक : प्रधानमन्त्री कोषको संरक्षक र रक्षा मन्त्रालय हेर्ने मन्त्री सह संरक्षक रहनेछ ।

३१. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कल्याणकारी कार्य र तोकिए बमोजिमका आयमूलक कार्य तथा कल्याणकारी योजना तर्जुमा, कार्यान्वयन, समन्वय तथा अनुगमन गर्ने,

(ख) सैनिक कृयाकलापमा संलग्न रहँदाको अवस्थामा मृत्यु भएका वा अङ्गभङ्ग भएका सैनिकका परिवारको सम्बन्धमा आवश्यक पर्ने कल्याणकारी कार्य सम्बन्धी कार्य गर्ने,

(ग) कल्याणकारी कार्य अन्तर्गतका सुविधा तथा सहुलियत घटाउने, बढाउने वा हटाउने,

(घ) कल्याणकारी कार्य, आयमूलक कार्य तथा कल्याणकारी योजना सञ्चालन गर्नको लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ङ) नेपाली सेनाले उपभोग गरिरहेको जग्गा तथा भौतिक पूर्वाधारमा नेपाली जङ्गी अड्डासँग सम्झौता गरी कल्याणकारी कार्य गर्ने,

(च) कल्याणकारी कार्य, आयमूलक कार्य तथा कल्याणकारी योजना सञ्चालन गर्न आवश्यकता अनुसार प्रशासनिक, आर्थिक तथा प्राविधिक एकाई गठन गरी सो एकाइको लागि आवश्यक जनशक्ति नियुक्ति गरी निजको सेवा, शर्त तथा पारिश्रमिक तोक्ने,

(छ) कल्याणकारी कार्य, कल्याणकारी योजना तथा आयमूलक कार्य प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि विशेषज्ञ नियुक्ति गर्ने र निजको सेवा, शर्त तथा पारिश्रमिक तोक्ने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ञ) कल्याणकारी कार्य, आयमूलक कार्य तथा कल्याणकारी योजना सञ्चालन भएका स्थानको सुरक्षाको लागि आवश्यकता अनुसार बहालवाला सैनिक व्यक्ति खटाउने,

(झ) यो ऐनको अधीनमा रही चल अचल सम्पत्ति प्राप्त गर्ने, खरिद गर्ने, बहालमा लिने, उपयोग गर्ने, तथा बेच विखन गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

३२. कोषको लेखा तथा लेखापरीक्षण : (१) कोषको दैनिक आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ र कोषको आन्तरिक लेखापरीक्षण समितिले तोके बमोजिम हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

३३. वार्षिक प्रतिवेदन पेश गर्ने : प्रत्येक वर्ष समितिले कोषको आय, व्यय र प्रगति विवरण सहितको प्रतिवेदन संरक्षक समक्ष पेश गरी त्यसको प्रति प्रतिनिधि सभा, राज्य व्यवस्था समितिलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

३४. अधिकार प्रत्यायोजन : यस परिच्छेद बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये कुनै अधिकार आवश्यकता अनुसार कल्याणकारी योजना निर्देशनालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३५. सुविधा तथा सहुलियतबाट बञ्चित गरिने अवस्था : (१) देहायका अवस्थामा बहालवाला र भूतपूर्व सैनिक व्यक्ति वा निजका परिवारलाई पूरै वा आंशिक रुपमा कल्याणकारी कार्य अन्तर्गत सञ्चालित कार्यक्रमबाट दिइने सुविधा तथा सहुलियतबाट बञ्चित गर्न सकिनेछ :-

(क) नेपाली सेनालाई आँच पुऱ्याउने कार्य गरेको प्रमाणित भएमा,

(ख) संविधान तथा यस ऐन विपरीत काम गरेको प्रमाणित भएमा,

(ग) यस परिच्छेद बमोजिम प्राप्त सुविधा तथा सहुलियत दुरुपयोग गरेको प्रमाणित भएमा,

(घ) राज्य विरुद्धको अपराधमा सजाय पाएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बहालवाला तथा भूतपूर्व सैनिक व्यक्ति वा निजको परिवारको जुन सदस्यले ☞उपदफा (१) मा उल्लेखित कार्य गरेकोछ सो सदस्यलाई मात्र कल्याणकारी कार्य अन्तर्गत सञ्चालित कार्यक्रमबाट दिइने सुविधा तथा सहुलियतबाट बञ्चित गरिनेछ ।

☞ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

३६. <u>अन्य व्यवस्था</u> : सैनिक कल्याणकारी कोषको प्रयोग, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## <u>कसूर</u>

३७. <u>कसूर गरेको मानिने</u> : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले दफा ३८ देखि ६५ सम्मको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

३८. <u>शत्रु सम्बन्धी कसूर</u> : देहायका कुनै कार्य गरेमा शत्रु सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) आफूले सुरक्षाको जिम्मा लिएको कुनै ग्यारिजन, किल्ला, चौकी, ठाउँको पालो पहरा छोडेमा वा नामर्दगी गरी शत्रुलाई सुम्पिदिएमा वा त्यस्तो काम गर्न गराउन कुनै कमाण्डिङ्ग अधिकृत वा अरु कसैलाई प्रेरित गराएमा वा विवश पारेमा,

(ख) शत्रुको सामू लाजमर्दो किसिमले हात हतियार, खर-खजाना, सरसामान फ्याँकेमा वा काथरपना झल्किने अन्य दुर्व्यवहार गरेमा,

(ग) युद्ध वा सैनिक कारबाही चलिरहेको समयमा ग्यारिजन, क्याम्प वा पल्टनलाई हरेस खुवाउने वा आतङ्कित गराउने उद्देश्यले झुट्टा खबर फैलाएमा,

(घ) नेपाल राज्य विरुद्ध हात हतियार उठाइराखेको कुनै व्यक्ति वा शत्रुसँग देशका विरुद्ध विश्वासघात हुने गरी पत्र व्यवहार वा गोप्य खवर आदान प्रदान गरेमा वा अन्य कुनै काम गरेमा,

(ङ) शत्रुलाई हात हतियार, गोली-गट्ठा, नगद जिन्सी लगायतका कुनै जिन्सी सर सामान दिई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मद्दत गरेमा,

(च) नेपाली सेना वा त्यसको कुनै बल वा अङ्गलाई असफल बनाउने कुनै काम गरेमा,

(छ) विश्वासघात गरी वा काथरपना देखाई शत्रु समक्ष युद्धविश्रामको झण्डा उठाएमा,

(ज) कैदी बनेको शत्रुसँग राजीखुशीले मिलेर काम गरेमा वा शत्रुलाई सहयोग गरेमा,

(झ) युद्धबन्दी भई नरहेको कुनै शत्रुलाई जानी जानी आश्रय दिएमा वा रक्षा गरेमा,

(ञ) लडाइँ वा आतङ्कको समयमा चपटे (सेण्ट्री) भएर आफ्नो पोष्टमा निदाएमा वा कुनै पनि प्रकारको लागू औषध वा मादक पदार्थ सेवन गरेमा,

(ट) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिलाई शत्रु बिरुद्ध काम कारबाही गर्न नदिने, बाधा विरोध खडा गर्ने, हतोत्साह गर्ने उद्देश्यले जानी जानी कसैलाई प्रेरित गरेमा वा विवश पारेमा,

(ठ) जङ्गी कारबाहीमा लागेको बेलामा आफ्नो कमाण्डिङ्ग अधिकृतबाट विदा स्वीकृत नगराई हिंडेमा वा आफ्नो पोष्ट, गार्ड, पिकेट, पेट्रोल वा समूहबाट रीतपूर्वक बदला नभई वा विदा नपाई छोडी गएमा ।

३९. <u>सैनिक विद्रोह (म्युटिनी)</u> : देहायको कुनै कार्य गरेमा सैनिक विद्रोहको कसूर गरेको मानिनेछ :-

(क) सैनिक विद्रोहमा सरिक भएमा,

(ख) नेपाली सेना वा यसलाई सहयोग दिने कुनै बलको कुनै व्यक्तिसँग मिली सैनिक विद्रोह गरे गराएमा वा सो गर्न गराउन उत्तेजना फैलाएमा वा षडयन्त्र गरेमा,

(ग) सैनिक विद्रोह भएको स्थानमा आफू उपस्थित भएको अवस्थामा सैनिक विद्रोहलाई सकेसम्म रोक्ने प्रयास नगरेमा,

(घ) सैनिक विद्रोह गर्ने मनसाय राखेको वा षडयन्त्र भइरहेको थाहा पाई वा सैनिक विद्रोह गर्ने मनसाय छ वा षडयन्त्र भइरहेको छ भनी विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण हुँदाहुँदै पनि आफ्नो कमाण्डिङ्ग अधिकृत वा आफू भन्दा माथिको अधिकृतलाई त्यसको खवर नदिएमा,

(ङ) देशभक्ति र आफ्नो कर्तव्य पालनबाट विचलित भएमा वा त्यस्ता व्यक्तिलाई देशभक्ति र आफ्नो कर्तव्य पालनबाट विचलित गराएमा वा विचलित गराउने दुरुत्साहन गरेमा ।

४०. <u>शत्रु सम्बन्धी अन्य कसूर</u> : देहायको कुनै कार्य गरेमा शत्रु सम्बन्धी अन्य कसूर गरेको मानिनेछ :-

(क) अघिबाटै उचित तवरले सचेत नभई आदेश नमानी जानी जानी आफ्नो कर्तव्य पालनमा लापरवाही गरी शत्रुको कैदी भएमा वा शत्रुको कैदी भएपछि फिर्ता आउन सक्ने अवस्था भए तापनि फिर्ता नआएमा,

(ख) उचित अधिकार विना शत्रुसँग पत्र व्यवहार गरेमा वा अरु कुनै किसिमले खवर प्रदान गरेमा वा त्यस्तो कारबाही भएको थाहा पाउँदा पनि आफ्नो कमाण्डिङ्ग अधिकृत वा माथिको अधिकृतलाई तुरुन्त सो को सूचना नदिएमा,

(ग) उचित अधिकार विना युद्ध विश्रामको झण्डा उठाएमा ।

४१. जङ्गी कारबाही विरुद्धको कसूर : देहायको कुनै कार्य गरेमा जङ्गी कारबाही विरुद्धको कसूर गरेको मानिनेछ :-

(क) सुरक्षा गार्ड वा चपटेलाई बलजफत गरेमा वा गर्न लगाएमा,

(ख) लुटपाट गर्ने मनसायले कुनै घर वा स्थानमा घुसेमा,

(ग) चपटे भएर आफ्नो पोष्टमा निदाएमा वा कुनै पनि प्रकारको लागू औषध वा मादक पदार्थ सेवन गरेमा,

(घ) आफू भन्दा माथिल्लो अधिकृतको अनुमति विना आफ्नो गार्ड, पिकेट, पेट्रोल वा पोष्ट ड्युटी छाडी गएमा,

(ङ) जानी जानी वा लापरवाही गरी क्याम्प, ग्यारिजन वा क्वार्टरमा आतङ्कको सङ्केत वा सूचना दिएमा वा नचाहिंदो हरेस खुवाउने वा आतङ्कित पार्ने खबर फैलाएमा,

(च) अधिकार नभएका व्यक्तिलाई प्यारोल, सङ्केत शब्द (वाच वर्ड र काउण्टर साइन) लिए दिएमा वा अधिकार प्राप्त व्यक्तिलाई जानी जानी झुट्टा वा फरक प्यारोल, सङ्केत शब्द दिएमा ।

४२. भगौडा सम्बन्धी कसूर : (१) देहायको कुनै कार्य गरेमा भगौडा सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) जङ्गी कारबाहीको आदेश जारी भएपछि वा त्यस्तो कारबाही शुरु भएपछि सेवा छोडी भागेमा,

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा सेवा छोडी भागेमा,

(ग) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति सेवा छाडी भागेकोमा निजलाई जानी जानी शरण दिएमा,

(घ) भगौडा भन्ने थाहा हुँदाहुँदै निजलाई फाइदा, मद्दत वा सहयोग पुर्‍याउने कार्य गरेमा,

(ङ) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति सेवा छाडी भागेको वा भाग्न लागेको जानकारी भएर पनि आफ्नो वा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अरु कुनै माथिल्लो अधिकृतलाई तुरुन्त सूचना नदिएमा वा पक्राउ गर्नु पर्ने आफ्नो अख्तियार बमोजिम पक्राउ नगरेमा,

(च) भगौडालाई तदारुकताका साथ खोजी गरी पक्राउ नगरेमा,

(छ) भगौडा भन्ने थाहा हुँदाहुँदै पनि आवश्यक कारबाही नगरेमा,

(ज) ब्यारेक, क्याम्प वा क्वाटर छोडी भागेमा ।

(२) गयल ठहरिएको व्यक्ति आफै हाजिर हुन नआएमा वा फेला नपरेमा भगुवा मानिनेछ ।

४३. जिम्मामा रहेकोलाई भगाएको कसूर : गार्ड, पिकेट, पेट्रोल, पोष्टको कमाण्ड गरेको बेलामा वा पालो लिएको बेलामा उचित अख्तियार नभई वा मनासिब माफिकको कारण नभई आफ्नो जिम्मामा रहेको व्यक्तिलाई छोडिदिएमा वा जिम्मा लिनु पर्ने कुनै कैदी वा व्यक्तिको पालो नबुझेमा जिम्मामा रहेकोलाई भगाएको कसूर गरेको मानिनेछ ।

४४. हातपात वा धम्की सम्बन्धी कसूर : देहायको कुनै कार्य गरेमा हातपात वा धम्की सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) आफू भन्दा माथिको अधिकृतलाई धम्की दिएमा,

(ख) आफू भन्दा माथिको अधिकृतलाई हातपात गरेमा वा निज उपर आपराधिक बल प्रयोग गरेमा,

(ग) आफू भन्दा माथिको अधिकृतको मर्यादा नराखी होच्याई बोलेमा वा निजलाई अपमानजनक व्यवहार गरेमा ।

४५. अवज्ञा सम्बन्धी कसूर : देहायको कुनै कार्य गरेमा अवज्ञा सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) यस ऐन बमोजिम अधिकार प्राप्त कुनै निकाय वा अधिकारीले वा आफू भन्दा माथिको अधिकृतले कामको सिलसिलामा मौखिक, लिखित, सङ्केत वा अरु कुनै प्रकारले दिएको कानूनी आज्ञालाई जानी जानी अटेर गरेमा,

(ख) आफू भन्दा माथिको अधिकृतले दिएको सामान्य, स्थानीय वा अरु किसिमका आदेश पालन गर्न लापरवाही गरेमा ।

४६. सम्पत्तिको हानि नोक्सानी सम्बन्धी कसूर : देहायका कुनै कार्य गरेमा सम्पत्तिको हानि नोक्सानी सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) दफा ४१ को खण्ड (क) बमोजिमको सम्पत्ति वा सैनिक संस्थाको वा यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिको वा नेपाली

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सेनामा काम गरिरहेका वा नेपाली सेनामा सम्मिलित भएका अन्य व्यक्तिको सम्पत्तिमा हानि नोक्सानी पुऱ्याएमा,

(ख) सरकारी सम्पत्तिमा आगो लगाई वा अरु कुनै कुराले नोक्सान वा क्षति पुऱ्याउने काम गरेमा,

(ग) आफ्नो जिम्मामा रहेको कुनै जनावरलाई दुर्व्यवहार गरेमा, घाइते पारेमा, मारेमा, लिई भागेमा वा हराएमा ।

४७. कीर्ते र झुट्टा व्यहोरा सम्बन्धी कसूर : देहायका कुनै कार्य गरेमा कीर्ते र झुट्टा व्यहोरा सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) अधिकार प्राप्त व्यक्तिले बनाएको वा हस्ताक्षर गरेको कुनै प्रतिवेदन, फाँटवारी, विवरण, प्रमाणपत्र वा अरु कुनै लिखतमा लेखिएको व्यहोरा साँचो भए नभएको यकिन गर्नु पर्ने कर्तव्य भएको व्यक्तिले लापरवाहीकासाथ परीक्षण गरेमा वा धोका दिने नियतले त्यस्तो लिखतमा लेखिएको झुट्टा व्यहोरालाई साँचो छ भनी प्रमाणित गरेमा वा सो गर्ने कार्यमा मतियार भएमा,

(ख) खण्ड (क) बमोजिम लिखत प्रमाणित गर्ने क्रममा जानी जानी धोखा दिने नियतले लेख्नु पर्ने कुरा नलेखेमा वा त्यस्तो कार्यमा मतियार भएमा,

(ग) आफूले सुरक्षित गर्नु पर्ने वा चाहिएको बखत पेश गर्नु पर्ने कुनै लिखत कसैलाई हानि पुऱ्याउने वा धोखा दिने नियतले जानी जानी विगारेमा, दबाएमा, लिई भागेमा वा त्यस्तो लिखतको कुनै विवरण खाली राखी कागजात तयार गरेमा,

(घ) कुनै विषयको वारेमा जानकारी राख्नु पर्ने कर्तव्य भएको व्यक्तिले जानी जानी झुट्टा व्यहोरा घोषणा गरेमा,

(ङ) कसैले आफ्नो वा अरुको निमित्त निवृत्तभरण, भत्ता वा अरु सहुलियत वा विशेष सुविधा प्राप्त गर्न प्रस्तुत गरेको मागपत्र वा विवरण झुट्टा हो भन्ने जानकारी हुँदाहुँदै वा सो कुरामा विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण हुँदाहुँदै पनि कुनै बयान वा लिखत वा अभिलेखमा झुट्टा ब्यहोरा लेखे लेखाएमा ।

४८. बाधा बिरोध तथा आपराधिक बल प्रयोग सम्बन्धी कसूर : देहायको कुनै कार्य गरेमा बाधा बिरोध तथा आपराधिक बल प्रयोग सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) कुनै हुलदङ्गा, झगडा, हातपात वा कुटपिटमा संलग्न भएको अवस्थामा आफू भन्दा तल्लो दर्जाको अधिकृत भए तापनि आफूलाई गिरफ्तार गर्ने गरी दिएको आदेश अटेर गरेमा वा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

त्यस्तो गिरफ्तारीको आदेश दिने अधिकृतलाई हमला गरेमा वा निज उपर आपराधिक बल प्रयोग गरेमा,

(ख) कानून बमोजिम कुनै व्यक्तिको हिरासतमा रहँदा आफूलाई हिरासतमा राख्ने व्यक्ति यस ऐनको क्षेत्राधिकारभित्र पर्ने वा नपर्ने भए तापनि वा निज आफू भन्दा माथिल्लो अधिकृत भए वा नभए तापनि निज माथि हमला गरेमा वा बल प्रयोग गरेमा,

(ग) आफूलाई पक्राउ गर्ने वा जिम्मा लिने कर्तव्य भएका कुनै व्यक्ति वा एस्कर्टलाई बाधा पुऱ्याएमा,

(घ) सैनिक प्रहरी प्रमुख वा निजको तर्फबाट कानूनी रुपमा काम गर्ने कुनै व्यक्तिको काममा बाधा पुऱ्याएमा वा निजले आफ्नो कर्तव्यपालन गर्न मद्दत माग्दा नदिएमा,

(ङ) नेपाली सेनाको निमित्त माल सामान वा रसद ल्याउने कुनै व्यक्ति माथि हमला गरेमा वा आपराधिक बल प्रयोग गरेमा ।

४९. <u>सम्पत्ति सम्बन्धी कसूर</u> : देहायको कुनै कार्य गरेमा सम्पत्ति सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) सरकारी वा सार्वजनिक सम्पत्ति, नेपाली सेनाको मेस, ब्याण्ड वा कुनै सैनिकको वा यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिको सम्पत्ति बद्नियत राखी निजी काममा उपयोग गरेमा वा हिनामिना गरेमा वा चोरी गरेमा वा बद्नियतपूर्वक विश्वासघात गरी कब्जामा लिएमा,

(ख) खण्ड (क) बमोजिमको कसूर भएको थाहा पाई वा सो कुरामा विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण हुँदाहुँदै पनि वेइमानी गरी त्यस्तो सम्पत्ति लिएमा वा आफ्नो साथमा राखेमा,

(ग) आफ्नो जिम्मामा रहेको सरकारी सम्पत्तिमा जानी जानी हानि नोक्सानी पुऱ्याएमा ।

५०. <u>ठगी तथा करकाप सम्बन्धी कसूर</u> : देहायका कार्य गरेमा ठगी तथा करकाप सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) कुनै व्यक्तिलाई ठग्ने वा अनुचित फाइदा वा नोक्सानी पुऱ्याउने नियतले कुनै काम गरेमा,

(ख) जबरजस्ती गरी वा करकापमा पारी कुनै व्यक्तिबाट अनधिकृत रुपमा नगद वा जिन्सी लिएमा वा निजलाई काममा लगाएमा ।

५१. <u>हतियार लगायत अन्य सरसामान लिई भागेको वा दुरुपयोग सम्बन्धी कसूर</u> : देहायका कार्य गरेमा हतियार लगायत अन्य सरसामान लिई भागेको वा दुरुपयोग सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) आफ्नो प्रयोगको निमित्त वा आफूले जिम्मा लिई राखेको हातहतियार, गोलीगट्ठा, सरसामान, इक्विप्मेन्ट, ज्यावल, लत्ताकपडा वा अरु कुनै सरकारी मालवस्तु लिई भागेमा वा त्यसरी भगाउने काममा मतियार भएमा,

(ख) खण्ड (क) मा लेखिएको कुनै वस्तु हराएमा,

(ग) आफूलाई प्रदान गरिएको पदक वा विभूषण विगारेमा, नासेमा, वेचविखन गरेमा वा बन्धक राखेमा ।

५२. <u>अनुशासन तथा आचरण सम्बन्धी कसूर</u> : देहायको कुनै कार्य गरेमा अनुशासन तथा आचरण सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) लागू औषध सेवन गरेमा,

(ख) अशिष्ट, अस्वाभाविक, निन्दनीय किसिमको आचरण गरेमा वा निर्दयी भएमा,

(ग) आफूमा शारीरिक कमजोरी वा रोग पैदा गरेमा,

(घ) शरीर निरोगी हुँदाहुँदै रोग वा कमजोरीको बहाना गरेमा वा जानी जानी रोग लम्ब्याउने वा निको हुन नदिने कार्य गरेमा,

(ङ) आफू वा अरु कसैलाई सेवाको लागि अयोग्य ठहऱ्याउने मनसायले आफू वा अरु कसैलाई घाउ चोट पुऱ्याएमा,

(च) कुनै अधिकृत, पदिक वा बिल्लादारले यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिलाई आफू भन्दा तल्लो दर्जाको भनी आपराधिक बल प्रयोग गरी दुर्व्यवहार गरेमा,

(छ) सुव्यवस्था तथा सैनिक अनुशासन कायम राख्न गर्नु पर्ने कुनै काम नगरेमा वा सुव्यवस्था तथा सैनिक अनुशासन विरुद्ध हुने कुनै काम गरेमा,

(ज) मादक पदार्थ सेवन गरेमा,

(झ) आफ्नो ओहदा अनुसारको आचरण नगरेमा,

(ञ) दफा १९ विपरीत संघ, संस्था खोलेमा, सञ्चालन गरेमा वा त्यस्तो गतिविधिमा भाग लिएमा ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ट) कुनै पनि सैनिकलाई यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको कर्तव्य पालना सम्बन्धी तोकिए बमोजिमको कार्यमा वाहेक अन्यत्र प्रयोग गरेमा ।

५३. <u>अधूरो कागजात प्रमाणित सम्बन्धी कसूर</u> : देहायका कुनै कार्य गरेमा अधूरो कागजात प्रमाणित सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) तलब, हातहतियार, गोलीगट्ठा, सरसामान, इक्विप्मेन्ट, लत्ता कपडा, रसद, मालसामान, स्टोर्स वा सरकारी सम्पत्तिको अभिलेख सम्बन्धी लिखत तयार गर्ने र त्यस्तो लिखत प्रमाणित गर्ने कर्तव्य भएको व्यक्तिले धोखा दिने नियतले लेख्नु पर्ने स्थान खाली राखी प्रमाणित गरेमा,

(ख) कुनै प्रतिवेदन तथा विवरण तयार गर्ने वा पठाउनु पर्ने कर्तव्य भएको व्यक्तिले त्यस्तो प्रतिवेदन तथा विवरण तयार गर्न वा पठाउन इन्कार गरेमा वा लापरवाही गरी तयार नगरेमा वा नपठाएमा ।

५४. <u>झुट्टा बयान वा विवरण सम्बन्धी कसूर</u> : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले सैनिक अदालतमा शपथ लिएपछि कुनै झुट्टा बयान वा विवरण दिएमा वा झुट्टा भनी विश्वास भएको वा दिएको बयान वा विवरण साँचो भनी विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण नभएमा झुट्टा बयान वा विवरण सम्बन्धी कसूर गरेको मानिनेछ ।

५५. <u>ढाँटी छली नियुक्त भएको कसूर</u> : देहायका कुनै कार्य गरेमा ढाँटी छली नियुक्त भएको कसूर गरेको मानिनेछ :-

(क) आफू कार्यरत रहेको चमु वा विभागबाट नियमित प्रक्रियाबाट कार्यभार मुक्त नभई वा नियुक्तिको निमित्त आवश्यक शर्त पूरा नगरी आफू अघि कार्यरत रहेको चमु वा विभाग भन्दा अर्को चमु वा विभागमा नियुक्त भएमा,

(ख) कुनै व्यक्ति नेपाली सेनाको कुनै अङ्गमा नियुक्त हुँदा निजले यस ऐन बमोजिम कसूर गरेको मानिने अवस्था छ भन्ने जानकारी हुँदाहुँदै वा विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण हुँदाहुँदै त्यस्तो व्यक्तिलाई नेपाली सेनाको कुनै अङ्गमा नियुक्ति गराउने काममा संलग्न भएमा,

(ग) भर्नाको आवेदन फाराममा जानी जानी झुट्टा विवरण दिएको भन्ने तथ्य सावित हुन आएमा,

(घ) भर्ना, बढुवा तथा तालीम लगायत सेवाका अन्य प्रयोजनको लागि कीर्ते वा नक्कली प्रमाणपत्र पेश गरेमा ।

५६. <u>हिरासतबाट भागेको कसूर</u> : कानूनी हिरासतमा रहेको बेलामा भागेमा हिरासतबाट भागेको कसूर गरेको मानिनेछ ।

५७. <u>झुट्टा आरोप सम्बन्धी कसूर</u> : देहायका कुनै कार्य गरेमा झुट्टा आरोप सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) कुनै कुरा झुट्टा हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण हुँदाहुँदै यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिलाई त्यस्तो झुट्टा आरोप लगाएमा,

(ख) कुनै कुरा झुट्टा हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण हुँदाहुँदै पनि यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिको चरित्रमा धक्का पुग्ने गरी दफा २७ बमोजिम उजूरी दिएमा वा झुट्टा बयान दिएमा वा तत् सम्बन्धमा जानकारी भएका यथार्थ कुराहरू जानी जानी लुकाएमा ।

५८. <u>गयल सम्बन्धी कसूर</u> : देहायको कुनै कार्य गरेमा गयल सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) विदा स्वीकृत नगराई बसेमा,

(ख) पर्याप्त कारण नभई स्वीकृत विदा भन्दा बढी दिन अनुपस्थित भएमा,

(ग) विदामा बसेको बेलामा फर्मेसन, युनिट वा यसको कुनै अङ्गलाई जङ्गी कारबाहीको लागि आदेश दिएको सूचना सम्बन्धित अधिकारीबाट पाएर पनि पर्याप्त कारण नभई तुरुन्त सामेल नभएमा,

(घ) पर्याप्त कारण विना कर्तव्य वा व्यायामको निमित्त तोकिएको ठाउँ वा परेडमा तोकिएको समयमा उपस्थित नभएमा,

(ङ) आफू भन्दा माथिल्लो अधिकृतको अनुमति नलिई वा पर्याप्त कारण विना परेड वा मार्चको पंक्ति छोडेमा,

(च) कुनै क्याम्प, ग्यारिजन वा अरु ठाउँमा भएको बेलामा कुनै सामान्य, स्थानीय वा अरु आदेश अन्तर्गत निर्धारित स्थान वा बाहिर वा मनाही भएको स्थानमा आफू भन्दा माथिको अधिकृतबाट पास वा लिखित अनुमति नलिई उपस्थित भएको ठहरिएमा,

(छ) अध्ययनको लागि खटाइएको कुनै शिक्षालयमा आफू भन्दा माथिको अधिकृतबाट विदा स्वीकृत नगराई वा उचित कारण नभई अनुपस्थित भएमा ।

५९. सैनिक अदालत सम्बन्धी कसूर : देहायका कुनै कार्य गरेमा सैनिक अदालत सम्बन्धी कसूर गरेको मानिनेछ :-

(क) सैनिक अदालतमा साक्षीको रुपमा हाजिर हुनु पर्ने व्यक्तिलाई रीतपूर्वकको समाह्वान वा आदेश जारी गरेकोमा मनासिब माफिकको कारण विना अनुपस्थित रहेमा,

(ख) सैनिक अदालतमा शपथ लिन इन्कार गरेमा,

(ग) आफ्नो जिम्मामा रहेको कुनै लिखत सैनिक अदालतमा पेश गर्न वा बुझाउन दिएको आदेशको अवज्ञा गरेमा,

(घ) साक्षीको हैसियतमा कानून बमोजिम सोधिएको सवालको जवाफ दिन इन्कार गरेमा,

(ङ) सैनिक अदालतको कारबाहीमा बाधा वा रोकावट गरी धम्कीपूर्ण वाक्य बोली सैनिक अदालतको अपमान वा अवहेलना गरेमा,

(च) सैनिक अदालतबाट भएका फैसला वा आदेशको कार्यान्वयनमा वेवास्ता गरेमा ।

६०. गैरकानूनी तलब रोक्का सम्बन्धी कसूर : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिलाई तलबको जिम्मा लिने व्यक्तिले बुझाउनु पर्ने तलब समयमै नबुझाई गैरकानूनी रुपले तलब रोक्का राखेमा वा दिन इन्कार गरेमा गैरकानूनी तलब रोक्का सम्बन्धी कसूर गरेको मानिनेछ ।

६१. अनियमित गिरफ्तार वा थुनछेकको कसूर : देहायको कुनै कार्य गरेमा अनियमित गिरफ्तार वा थुनछेकको कसूर गरेको मानिनेछ :-

(क) कुनै व्यक्तिलाई गिरफ्तार गरी वा थुनामा राखी तहकिकातको निमित्त सम्बद्ध अधिकारी समक्ष मुद्दा पेश नगरेमा वा विना कारण मुद्दाको पुर्पक्ष नगरी ढिलो गरेमा,

(ख) कुनै व्यक्तिलाई सैनिक हिरासतमा राख्न लगाउने व्यक्तिले सैनिक हिरासतमा राख्न पाउने अधिकार भएको अधिकारी तथा प्राड विवाकलाई मनासिब माफिकको कारणले बाहेक उसै बखत वा सकेसम्म चाँडो र जुनसुकै अवस्थामा पनि चौबीस घण्टाभित्र हिरासतमा राख्नु पर्नाको उचित कारण खोली विवरण पेश नगरेमा ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

६२. <u>भ्रष्टाचार, चोरी, यातना र वेपत्ताको कसूर सम्बन्धी विशेष व्यवस्था</u> : (१) प्रचलित कानून बमोजिम भ्रष्टाचार, चोरी, यातना र बेपत्ता गरेको ठहरिने कार्य गरेमा भ्रष्टाचार, चोरी, यातना र बेपत्ता सम्बन्धी कसूर गरेको मानिनेछ ।

(२) उपदफा (१) अन्तर्गतका कसूरको अनुसन्धान तथा तहकिकात गरी मुद्दा दायर गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समिति रहनेछ :-

(क) नेपाल सरकारले तोकेको नायव महान्यायाधिवक्ता - अध्यक्ष

(ख) रक्षा मन्त्रालयको कानून शाखा प्रमुख - सदस्य

(ग) प्राड विवाकको कम्तीमा सेनानीस्तरको प्रतिनिधि - सदस्य

(३) उपदफा (२) को खण्ड (ग) मा उल्लिखित प्रतिनिधि सम्बन्धित मुद्दाको सैनिक अदालतसँग सम्बद्ध नभएको व्यक्ति हुनु पर्नेछ ।

(४) उपदफा (१) अन्तर्गतका मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार दफा ११९ को उपदफा (१) बमोजिम गठित सैनिक विशेष अदालतलाई हुनेछ ।

(५) उपदफा (२) बमोजिमको समितिलाई प्रचलित कानून बमोजिम तत् तत् मुद्दाको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीलाई भएसरहको अधिकार हुनेछ ।

६३. <u>विविध कसूर</u> : (१) देहायका कुनै कार्य गरेमा विविध कसूर गरेको मानिनेछ :-

(क) कुनै पोष्ट वा मार्चको कमाण्ड गरिरहेको व्यक्तिले आफ्नो कमाण्डमा रहेको कुनै व्यक्तिलाई दुर्व्यवहार, कुटपिट वा अरु कुनै किसिमले दु:ख दिएमा वा कुनै सार्वजनिक स्थानमा हुलहुज्जत गरेमा वा अनाधिकार प्रवेश गरेमा, हुलहुज्जत गरी प्रवेश गरेकोले नोक्सान भएको भनी पर्न आएको क्षतिपूर्ति सम्बन्धी उजूरी सम्बद्ध अधिकारी समक्ष पेश नगरेमा वा क्षतिपूर्ति नदिलाएमा,

(ख) धार्मिक स्थलको पवित्रतामा खलल पुऱ्याएमा वा अन्य कुनै तरिकाले जानी जानी कसैको धर्मको अपमान गरेमा वा धार्मिक भावनामा आघात पुऱ्याएमा,

(ग) जमदार भन्दा तल्लो दर्जाका सैनिकले ड्युटीमा नखटिएको वेलामा क्याम्प वा छाउनीको वरपर वा शहर बजार जाँदा आउँदा सम्बद्ध अधिकारीको आदेश विना हतियार वा खरखजाना लिई हिडेमा,

(घ) कसैलाई नेपाली सेनामा नियुक्ति वा बढुवा गराउने, विदा स्वीकृत गराउने वा अरु कुनै फाइदा दिलाउने विश्वास

दिलाई त्यस बापत कुनै किसिमको फाइदा लिन प्रत्यक्ष वा अप्रत्यक्ष रुपले घूस-रिसवत लिएमा, लिन मन्जूर गरेमा,

(ङ) आफू सेवारत मुलुकको नागरिक वा वासिन्दाको शरीर वा सम्पतिमा कुनै हानि नोक्सानी पुऱ्याएमा ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक बिल्लादार वा सो भन्दा तल्लो दर्जाको सैनिकले जङ्गी कारबाहीमा लागेको बखतमा यस परिच्छेदमा लेखिएदेखि बाहेक प्रतिबन्धित अन्य कुनै काम गरेमा विविध कसूर गरेको मानिनेछ ।

६४. कसूरको उद्योग : यस परिच्छेदमा उल्लिखित कुनै कसूर गर्ने उद्योग गरेमा वा त्यस प्रयोजनको लागि कुनै कार्य गरेमा त्यस्तो कसूरको उद्योग गरेको मानिनेछ ।

६५. कसूर गर्न सुऱ्याउने : यस परिच्छेदमा उल्लिखित कुनै कसूर गर्न सुऱ्याएमा कसूर गर्न सुऱ्याएको कसूर गरेको मानिनेछ ।

६६ अन्य कानून अन्तर्गतका कसूरहरु : (१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले दफा ३८ देखि ६५ सम्मका कसूरहरु गरेको अवस्थामा र उल्लिखित कसूरहरु सैनिक सैनिक बीच भएको अवस्थामा वाहेक यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले देहाय बमोजिमको कसूर गरेमा सो सम्बन्धी मुद्दा अन्य अदालतको क्षेत्राधिकारभित्र पर्नेछ :-

(क) हत्या,

(ख) बलात्कार ।

(२) उपदफा (१) बमोजिमको कसूरमा संलग्न भनी आरोपित व्यक्तिहरुलाई सो सम्बन्धमा अपराध अनुसन्धान तहकिकात गर्ने निकाय वा अनुसन्धान अधिकृतको आदेश भएमा त्यस्ता व्यक्तिहरु काम गरिरहेको स्थानको कमाण्डिङ्ग अधिकृत वा पति वा सम्बन्धित अधिकृतले माग गरेको निकाय वा अधिकृतलाई बुझाउनु पर्नेछ । कुनै व्यक्ति सेवा निवृत्त वा भगौडा भएमा पनि प्रचलित कानून बमोजिम अनुसन्धान र कारबाही गर्न कुनै बाधा पुग्ने छैन ।

(३) अन्य अदालतको क्षेत्राधिकारभित्र परी अनुसन्धानको क्रममा रहेको यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्ति थुनामा रहेको अवधिभर र अदालतमा मुद्दा चलेकोमा अन्तिम फैसला नभएसम्म स्वत: निलम्बनमा रहनेछ ।

(४) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिका हकमा अन्य अदालतको क्षेत्राधिकार अन्तर्गतको अपराधमा अनुसन्धान शुरु भैसकेको भए तापनि यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कसूरका सम्बन्धमा कोर्ट अफ इन्क्वायरी गठन गरी अनुसन्धान गर्न र त्यस्तो व्यक्ति उपर आवश्यक कारबाही चलाउने कार्यमा यस दफाको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-८

## सैनिक अदालतको गठन तथा अधिकारक्षेत्र

६७. सैनिक अदालतको गठन : (१) परिच्छेद-७ बमोजिमको कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्नको लागि देहाय बमोजिमका सैनिक अदालतको गठन हुनेछ :-

(क) कम्तीमा एकजना रथीवृन्द, दुईजना महासेनानी वा प्रमुख सेनानी र दुईजना सेनानी दर्जाका अधिकृत रहने गरी पाँचजना अधिकृत रहेको जनरल सैनिक अदालत ।

(ख) कम्तीमा दुईजना सेनानी दर्जाका अधिकृत रहने गरी कम्तीमा तीनजना अधिकृत रहेको समरी जनरल सैनिक अदालत,

(ग) कम्तीमा दुई वर्ष आयुक्त पद प्राप्त गरेकामध्येबाट कम्तीमा तीनजना अधिकृत रहेको डिष्ट्रिक्ट सैनिक अदालत,

(घ) नेपाली सेनाको विभाग, फर्मेशन वा एकाइको कुनै कमाण्डिङ्ग अधिकृत रहेको एक व्यक्तिको समरी सैनिक अदालत ।

(२) खण्ड (क) र (ख) बमोजिमका सैनिक अदालतमा उपलब्ध भएसम्म कम्तीमा एकजना अधिकृत कानून विषयमा स्नातक गरेको हुनु पर्नेछ ।

(३) समरी सैनिक अदालतको कारबाहीमा सहयोग पुऱ्याउनको लागि दुईजना अधिकृत वा दुईजना पदिक वा दुवै दर्जाका एक एक जना गरी जम्मा दुईजना उपस्थित रहने छन् ।

(४) उपदफा (१) बमोजिमको सङ्ख्या भन्दा कम हुने गरी सैनिक अदालतले मुद्दाको कारबाही तथा किनारा गर्ने छैन ।

६८. सैनिक अदालतको अधिकार क्षेत्र : सैनिक अदालतको अधिकार क्षेत्र यस ऐनको दफा ६२ र ६६ मा उल्लेख भएका मुद्दाहरुमा बाहेक देहाय बमोजिमको हुनेछ :-

(क) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले गरेको कसूर सम्बन्धी मुद्दाको पुर्पक्ष, सुनुवाइ, कारबाही र किनारा गरी सजाय दिने अधिकार जनरल सैनिक अदालत तथा समरी जनरल सैनिक अदालतलाई हुनेछ ।

(ख) अधिकृत तथा पदिक दर्जाको बाहेक यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले बढीमा दुई वर्षसम्म कैदको सजाय हुने कसूर गरेमा सो सम्बन्धी मुद्दाको पुर्पक्ष, सुनुवाइ, कारबाही र किनारा गरी सजाय दिने अधिकार डिष्ट्रिक्ट सैनिक अदालतलाई हुनेछ ।

(ग) देहायका उपखण्डहरूमा लेखिएको व्यवस्थाको अधीनमा रही यस ऐनको क्षेत्राधिकारभित्र पर्ने अधिकृत र पदिक बाहेकका व्यक्तिले

गरेको कसूर सम्बन्धी मुद्दाको पुर्पक्ष, सुनुवाइ, कारबाही र किनारा गरी सजाय दिने अधिकार समरी सैनिक अदालतलाई हुनेछ :-

(१) प्रमुख सेनानी वा सो भन्दा माथिको दर्जाकाले सैनिक अदालत बोलाएको भए एक वर्षसम्म कैद सजाय हुने मुद्दा,

(२) प्रमुख सेनानी भन्दा तल्लो दर्जाकाले सैनिक अदालत बोलाएको भए ६ महीनासम्म कैद सजाय हुने मुद्दा ।

६९. सैनिक अदालत वा अन्य अदालतमा मुद्दा चलाउने निर्णय : (१) यस ऐन अन्तर्गतका कसूरहरुका सम्बन्धमा सैनिक अदालत वा अन्य अदालतमध्ये कुन अदालतमा मुद्दा चलाउने भन्ने विषयमा विवाद उत्पन्न भएमा अन्य अदालतमा मुद्दा चलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्य अदालतमा मुद्दा दायर हुने भएमा अभियुक्तलाई सेवाबाट निलम्बन गरी मुद्दा दायर गरिने अदालतमा बुझाई दिनु पर्नेछ ।

७०. एकै कसूरमा एकभन्दा बढी पटक कारबाही नहुने : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति उपर यस ऐनको दफा ३८ देखि ६५ सम्मका कुनै कसूरको सम्बन्धमा सैनिक अदालतबाट मुद्दाको पुर्पक्ष, सुनुवाइ, कारबाही र किनारा भइसकेपछि वा विभागीय सजाय दिइसकेपछि सोही व्यक्ति उपर सोही कसूरमा पुन: कारबाही हुने छैन ।

७१. मुद्दा चलाउने हदम्याद : (१) दफा ३९, ४२, ४६, ४९, ५५, ५६ र ६२ बमोजिमको कसूर बाहेक अन्य कसूर गरेको तीन वर्ष नाघेपछि सैनिक अदालतमा मुद्दा चलाइने छैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि समय गणना गर्दा युद्ध बन्दी भएको वा शत्रुले आफ्नो इलाकामा मिलाएको वा कसूर गरी पक्राउमा नपरी बसेको समयको गणना हुने छैन ।

७२. मुद्दा चलाउन सकिने : (१) यस ऐनको क्षेत्राधिकारभित्र रहेको बखत कुनै व्यक्तिले गरेको कसूर बापत निज यस ऐनको क्षेत्राधिकारबाट मुक्त भएपछि पनि निजलाई सैनिक हिरासतमा राख्न र निज उपर मुद्दा चलाउन सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३९, ४२ वा दफा ५५ बमोजिमको कसूर गरेकोमा बाहेक अन्य कसूर गरेकोमा यस ऐनको क्षेत्राधिकारबाट मुक्त भएको ६ महीनाभित्र मुद्दा नचलाइएमा कसूर गर्ने व्यक्ति उपर मुद्दा चलाइने छैन ।

(३) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिलाई सैनिक अदालतले कैदको सजाय दिएपछि सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा कुनै तरिकाबाट यस ऐनको क्षेत्राधिकारबाट मुक्त भए तापनि ठहर भएको कैद

सजायको अवधिसम्म निज यस ऐनको क्षेत्राधिकारभित्र रहेको मानी सजाय कार्यान्वयन गर्न गराउन सकिनेछ ।

७३. सैनिक अदालत बोलाउने अधिकार : (१) सैनिक अदालत बोलाउने अधिकार देहायको अधिकारीलाई हुनेछ :-

(क) नेपाल सरकारले अन्यथा निर्देशन दिएमा बाहेक प्रधान सेनापति वा निजले अख्तियारी दिएको अधिकृतले जनरल सैनिक अदालत,

(ख) नेपाल सरकारले अन्यथा निर्देशन दिएमा बाहेक देहायका अधिकारीहरूले समरी जनरल सैनिक अदालत :-

(१) प्रधान सेनापतिले अख्तियार दिएको अधिकृत,

(२) जङ्गी कारबाहीमा लागेको कमाण्डिङ्ग अधिकृत वा निजले अख्तियार दिएको अधिकृत,

(३) सेनाको अनुशासन र आवश्यकतालाई उचित विचार गरी कुनै कसूरको पुर्पक्ष जनरल सैनिक अदालतद्वारा गर्न व्यावहारिक हुँदैन भनी ठहर गर्ने जङ्गी कारबाहीमा लागेको कुनै अङ्गलाई कमाण्ड गर्ने अधिकृत ।

(ग) खण्ड (क) बमोजिम जनरल सैनिक अदालत बोलाउन पाउने अख्तियार प्राप्त अधिकारी वा निजले अख्तियार दिएको अधिकृतले डिष्ट्रिक्ट सैनिक अदालत,

(घ) नेपाली सेनाको विभाग, फर्मेशन वा एकाइको कुनै कमाण्डिङ्ग अधिकृतले समरी सैनिक अदालत ।

(२) सैनिक अदालत बोलाउने अधिकारीले सैनिक अदालत बोलाउनु पर्ने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र सैनिक अदालत बोलाउनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम अख्तियारी दिँदा अख्तियारवालाले आवश्यकता अनुसार शर्त तोक्न सक्नेछ ।

## परिच्छेद-९

## अनुसन्धान, तहकिकात र मुद्दा दायरी

७४. सैनिक हिरासतमा राख्ने : (१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिलाई परिच्छेद-७ बमोजिमको कुनै कसूरको अभियोग लागेमा सैनिक हिरासतमा राख्न सकिनेछ ।

(२) कसूरको अभियोग लागेको व्यक्तिलाई निज भन्दा माथिल्लो दर्जाको जुनसुकै अधिकृतले सैनिक हिरासतमा राख्ने आदेश दिन सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि झगडा, हुलदंगा वा गोलमालमा संलग्न व्यक्ति आफू भन्दा माथिल्लो दर्जाको अधिकृत भए तापनि तल्लो दर्जाको अधिकृतले सैनिक हिरासतमा राख्ने आदेश दिन सक्नेछ ।

(४) सैनिक अदालतबाट नहेरिने कुनै कसूरको अभियोगमा अन्य अदालतमा मुद्दा दायर गर्नु पर्ने व्यक्तिलाई अनुसन्धान तहकिकात देखि मुद्दा दायर गर्दासम्मको अवधिमा कानून बमोजिम थुनामा राखी कारबाही गर्नु पर्ने भयो भने निजलाई सेवाबाट निलम्बन गरी त्यस्तो अदालतको आदेशले सैनिक वा प्रहरी हिरासतमा राख्न सकिनेछ । सैनिक हिरासतमा रहेको अवस्थामा अदालतमा उपस्थित गराउनु परेमा सम्बन्धित सैनिक अधिकारीले गराउनेछ ।

तर मुद्दा दायर भएपछि सैनिक हिरासतमा राखिने छैन ।

(५) सैनिक अदालतमा मुद्दा दायर गर्ने भएमा सैनिक अदालतमा र अन्य अदालतमा मुद्दा दायर गर्ने भएमा अन्य अदालतमा पठाइनेछ ।

▶७५. ...............

७६. पक्राउको लागि अनुरोध गर्न सक्ने : (१) कमाण्डिङ्ग अधिकृतले कसूरको अभियोग लागेको व्यक्तिलाई पक्राउ गर्नु परेमा अभियुक्त रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले अभियुक्तलाई गिरफ्तार गरी सम्बन्धित अधिकृतलाई बुझाई दिनु पर्नेछ ।

(२) सेवा छाडी भागेको भगुवाको फर्मेशन, युनिट, सव युनिटका कमाण्डिङ्ग अधिकृतले त्यस्ता भगुवालाई पक्राउ गर्न प्रमुख जिल्ला अधिकारीलाई भगुवाको विवरण खोली अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरेमा सम्बद्ध अधिकारीले सो भगुवालाई पक्राउ गरी सम्बन्धित अधिकृतलाई बुझाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा छोडी वा अन्य कुनै कसूर गरी भागेको भन्ने प्रहरी अधिकृतलाई विश्वास हुने मनासिब माफिकको कारण भएमा प्रहरी अधिकृतले बिना पूर्जी त्यस्ता व्यक्तिलाई पक्राउ गरी आवश्यक कारबाहीका लागि चलान गर्न प्रमुख जिल्ला अधिकारीसमक्ष बुझाउनु पर्नेछ ।

७७. गयल परेकोमा जाँचबुझ गर्ने : विदा स्वीकृत नगराई तीस दिन भन्दा बढी गयल भएमा जाँचबुझ गर्न यथाशक्य छिटो कोर्ट अफ् इन्क्वायरी गठन गर्नु पर्नेछ । कोर्टको अधिकृतले  शपथ लिई जाँचबुझ गर्दा गयल पर्ने व्यक्तिले विदा स्वीकृत नगराई वा अन्य पर्याप्त कारण नभई गयल भएको र निजको जिम्मामा रहेको सरकारी सम्पत्ति, हातहतियार, खरखजाना, सरसामान (इक्विप्मेण्ट),

---

▶ केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा खारेज ।

इन्स्टुमेण्ट, लत्ता कपडा वा अन्य सामान पुग नपुग भएको विषयमा समेत जाँचबुझ गरी निर्णय गर्नेछ । कमाण्डिङ्ग अधिकृतले सो निर्णयको अभिलेख सम्बन्धित चमु वा विभागको सैनिक अदालत कितावमा जनाई राख्नेछ ।

७८. सैनिक प्रहरी प्रमुख : (१) नेपाल सरकारले अन्यथा निर्देशन दिएमा बाहेक प्रधान सेनापति वा निजले तोकेको अधिकृतले सैनिक प्रहरी प्रमुख नियुक्त गर्न सक्नेछ ।

(२) कुनै कसूरमा हिरासतमा रहेको व्यक्तिलाई जिम्मा लिनु, सेनामा सुव्यवस्था र अनुशासन कायम गराउनु र नेपाली सेनामा सम्मिलित वा सेवारत व्यक्तिबाट सुव्यवस्था र अनुशासन भङ्ग हुने कार्य हुन नदिनु सैनिक प्रहरी प्रमुखको कर्तव्य हुनेछ ।

(३) कसूर गरेको वा कसूरको अभियोग लगाइएको व्यक्तिलाई पुर्पक्षको निमित्त सैनिक प्रहरी प्रमुखले जुनसुकै समयमा पक्राउ गर्न सक्नेछ र सैनिक अदालत वा विभागीय सजायको आदेश दिने अधिकृतले दिएको सजाय तामेल गर्नेछ ।

## परिच्छेद-१०

## सैनिक अदालतको कार्यविधि

७९. सैनिक अदालतको मुकाम तथा इजलास : (१) सैनिक अदालतले मुद्दाको पुर्पक्षको क्रममा नेपाल राज्य बाहिर वा भित्र जुनसुकै स्थानमा पनि आफ्नो मुकाम कायम गर्न सक्नेछ ।

(२) राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था र पीडितको अधिकारको संरक्षण गर्नु पर्ने अवस्थामा बाहेक सामान्यतया सैनिक अदालतको इजलाश खुला रहनेछ ।

८०. सैनिक अदालतको अध्यक्ष : (१) सैनिक अदालतमा रहने अधिकृतहरू मध्ये वरिष्ठ अधिकृतले सैनिक अदालतको अध्यक्षता गर्नेछ ।

(२) सैनिक अदालतको अध्यक्षता गर्ने वरिष्ठ अधिकृतको अनुपस्थितिमा दफा ६७ को व्यवस्थाको अधीनमा रही निज पछिको वरिष्ठ अधिकृतले सैनिक अदालतको अध्यक्षता गर्नेछ ।

८१. प्राड विवाकको उपस्थिति : (१) प्रत्येक जनरल सैनिक अदालत, समरी जनरल सैनिक अदालत र डिष्ट्रिक्ट सैनिक अदालतमा प्राड विवाक वा प्राड विवाकले खटाएको वा तोकेको प्राड अधिकृत प्राड विवाकको रुपमा उपस्थित हुनेछ ।

(२) कुनै कसूरको अभियोगमा मुद्दा चलाइएको अभियुक्तले सैनिक अदालतमा आफ्नो प्रतिरक्षाको लागि आफूले रोजेको प्राड अधिकृत खटाई पाउँ भनी प्राड विवाकको प्रतिरक्षा शाखामा अनुरोध गरेमा प्राड विवाकले प्राड अधिकृत खटाइदिन पर्नेछ । यसरी प्राड अधिकृत खटाइएकोमा त्यस्तो प्राड अधिकृतले सैनिक अदालतमा अभियुक्तको तर्फबाट प्रतिरक्षा गर्नेछ ।

८२. <u>विरोध गर्न सकिने</u> : (१) सैनिक अदालतमा पुर्पक्षको लागि मुद्दा पेश भएपछि सैनिक अदालतका अध्यक्ष तथा सदस्यहरूको नाम अभियुक्तलाई सुनाइनेछ र अध्यक्ष तथा कुनै सदस्यको सम्बन्धमा विरोध भए नभएको वारेमा अभियुक्तसँग सोधिनेछ ।

(२) उपदफा (१) बमोजिम अभियुक्तले अध्यक्ष तथा कुनै सदस्यको सम्बन्धमा विरोध जनाएमा सोको कारण र विरोध जनाइएका अध्यक्ष तथा सदस्यले दिएको जवाफ समेतको अभिलेख खडा गर्नु पर्नेछ । विरोध नगरिएका अध्यक्ष तथा सदस्यले विरोध गरिएका अध्यक्ष तथा सदस्यको अनुपस्थितिमा त्यस्तो विरोधको विषयमा छलफल गरी निर्णय गर्नु पर्नेछ ।

(३) कम्तीमा पचास प्रतिशत सदस्यले अभियुक्तको विरोधलाई स्वीकार गरेमा विरोध गरिएको अध्यक्ष वा सदस्यको स्थान रिक्त हुनेछ । रिक्त स्थानमा अर्को अधिकृत मुकर्रर गर्नु पर्नेछ र नयाँ मुकर्रर भएका अध्यक्ष तथा सदस्यको सम्बन्धमा पनि उपदफा (१) बमोजिम पुनः विरोधको प्रक्रिया अपनाउनु पर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम विरोधको प्रक्रिया सम्पन्न भएपछि सैनिक अदालतले मुद्दाको पुर्पक्ष शुरु गर्नेछ ।

८३. <u>शपथ</u> : मुद्दाको पुर्पक्ष गर्नु अघि सैनिक अदालतका अध्यक्ष तथा सदस्य र प्राड विवाकले तोकिए बमोजिम शपथ लिनु पर्नेछ ।

८४. <u>निर्णय प्रक्रिया</u> : (१) सैनिक अदालतको निर्णय बहुमतको आधारमा हुनेछ । मत बराबर भएमा अभियुक्तको पक्षमा निर्णय भएको मानिनेछ ।

तर देहायको विषयमा देहाय बमोजिम हुनेछ :-

(क) जनरल सैनिक अदालतबाट सर्वस्व सहित जन्म कैदको सजाय ठहर हुन कम्तीमा दुई तिहाई मतको आवश्यक पर्नेछ ।

(ख) समरी जनरल सैनिक अदालतबाट सर्वस्व सहित जन्म कैद सजाय ठहर हुन सर्वसम्मति हुनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सजाय तथा ठहर बाहेकका प्रक्रियागत विषयमा अध्यक्षले समर्थन गरेको राय मान्य हुनेछ ।

(३) सैनिक अदालतबाट सजाय ठहर हुँदा सैनिक अदालतमा उपस्थित प्राड विवाक वा निजको प्रतिनिधिले आफ्नो छुट्टै राय व्यक्त गर्न सक्नेछ ।

(४) सैनिक अदालतमा सुनुवाई हुने मुद्दाको अनुसन्धान र सुनुवाईको क्रममा अभियुक्तका फौजदारी न्यायका अधिकारहरुको संरक्षण गरिनेछ र प्रतिरक्षाका प्रमाणहरु पेश गर्न उचित मौका दिइनेछ ।

८५. <u>न्यायिक जानकारीमा राख्ने</u> : सैनिक अदालतले अध्यक्ष तथा सदस्यहरूमा रहेको सैनिक विषयको सामान्य ज्ञानलाई न्यायिक जानकारीमा लिन सक्नेछ ।

८६. <u>समाह्वान जारी गर्ने</u> : (१) सैनिक अदालत बोलाउने अधिकृत वा सैनिक अदालतको अध्यक्ष वा प्राड विवाक वा अभियुक्तको कमाण्डिङ्ग अधिकृतले सम्बद्ध व्यक्तिलाई कुनै लिखत वा अरु कुरा पेश गर्न वा साक्षी बक्न तोकिएको ठाउँ र समयमा उपस्थित हुन समाह्वान जारी गर्न सक्नेछ ।

(२) कुनै साक्षीको अधीनमा रहेको खास लिखत वा अरु कुनै कुरा पेश गराउनु परेमा सो कुरा स्पष्ट रुपमा समाह्वानमा उल्लेख गर्नु पर्नेछ ।

(३) कुनै साक्षी यस ऐनको क्षेत्राधिकारभित्रको व्यक्ति रहेछ भने निजको कमाण्डिङ्ग अधिकृतलाई समाह्वान पठाइनेछ र निजले त्यस्तो समाह्वान तामेल गराउनेछ ।

(४) कुनै प्रमुख जिल्ला अधिकारीको क्षेत्रभित्र कुनै साक्षी रहेको जानकारी भएमा त्यस्तो साक्षीको समाह्वान सोही प्रमुख जिल्ला अधिकारी समक्ष पठाइनेछ र निजले त्यस्तो साक्षीलाई समाह्वान तामेल गराउनेछ ।

(५) सैनिक अदालतमा साक्षी बक्ने प्रत्येक व्यक्तिलाई बयान गराउनु भन्दा अघि तोकिए बमोजिम शपथ गराइनेछ ।

८७. <u>बन्द सवाल</u> : (१) मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै साक्षीलाई सैनिक अदालतमा उपस्थित गराई बकाउँदा मुद्दाको कारबाहीमा अनावश्यक ढिलाइ, खर्च वा असुविधा हुने लागेमा सैनिक अदालतले त्यस्तो साक्षीलाई बन्द सवालद्वारा बुझ्न प्राड विवाकलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएपछि प्राड विवाकले साक्षीको नाउँमा बन्द सवाल तामेल गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्न सक्नेछ र त्यस्तो अनुरोध भएमा प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून बमोजिम बन्द सवाल तामेल गराइदिनु पर्नेछ ।

(३) अभियुक्त वा निजको कानून व्यवसायीले उठाउन चाहेको प्रश्नमध्ये मुद्दासँग सम्बद्ध प्रश्नलाई सैनिक अदालतले बन्द सवालमा उल्लेख गर्नु पर्नेछ ।

(४) अभियुक्तको कानून व्यवसायी वा वारेस वा अभियुक्त हिरासतमा नरहेको भए निज आफैले प्रमुख जिल्ला अधिकारी समक्ष उपस्थित भई साक्षीसँग जिरह गर्न सक्नेछ ।

(५) प्रमुख जिल्ला अधिकारीले बन्द सवाल बमोजिम बयान लिने काम समाप्त भएपछि बन्द सवाल प्राड विवाकमा पठाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त बन्द सवाल प्राड विवाकले सम्बन्धित सैनिक अदालतमा पठाइदिनेछ । सैनिक अदालत विघटन भएको अवस्थामा त्यस्तो मुद्दा पुर्पक्ष गर्ने अन्य अदालतमा पठाइदिनु पर्नेछ । प्राप्त बन्द सवाल सैनिक वा अन्य अदालतले मिसिल संलग्न गर्नेछ र त्यस्तो बन्दसवाल कानून व्यवसायी वा अभियुक्तले चाहेमा हेर्न पाउनेछन् ।

(७) बन्द सवाल तामेल भई आउन लाग्ने मनासिब माफिकको समयसम्मको लागि सैनिक अदालतले मुद्दाको पुर्पक्ष स्थगन गर्न सक्नेछ ।

८८. हस्ताक्षर सम्बन्धी अनुमान : यस ऐन बमोजिम कुनै कारबाहीमा नेपाल सरकारको जुनसुकै सेवामा रहेका जुनसुकै अधिकृतले कुनै दरखास्त, प्रमाणपत्र, पक्राउ पूर्जी, पत्रोत्तर वा अरु कुनै लिखतमा गरेको हस्ताक्षरलाई अन्यथा प्रमाणित भएमा बाहेक निजकै हस्ताक्षर मानिनेछ ।

८९. प्रमाण लाग्ने लिखत : सैनिक अदालतबाट कारबाही भएका मुद्दामा देहायका लिखतमा लेखिएका व्यहोरालाई प्रमाणमा लिइनेछ :-

(क) नियुक्ति हुँदाको समयमा सम्बन्धित व्यक्तिले सिटरोल फाराममा उल्लेख गरेको विवरण,

(ख) सिटरोल फारामको सक्कलै वा सो फाराम जिम्मा रहेको अधिकारीबाट "सक्कल बमोजिम नक्कल दुरुस्त छ" भनी हस्ताक्षर गरी दिएको नक्कल,

(ग) नेपाली सेनामा सेवा गरेको, बर्खास्त भएको वा कार्यभार मुक्त भएको सम्बन्धमा नेपाल सरकारको तर्फबाट प्रधान सेनापति वा निजले तोकेको अधिकृतले हस्ताक्षर गरेको कुनै पत्र, पत्रोत्तर वा अरु लिखतको व्यहोरा,

(घ) नेपाली सेनाको किताबमा दर्ता भएको वा सैनिक आदेश वा नेपाल राजपत्रमा प्रकाशित पदिक वा अरु दर्ज्यानीहरूको स्टेटस्, दर्जा र नियुक्ति सम्बन्धी सोही कितावमा दर्ता भएको सैनिक आदेश वा नेपाल राजपत्रमा उल्लिखित व्यहोरा,

(ङ) कमाण्डिङ्ग अधिकृत वा अभिलेख राख्ने जिम्मेवार अधिकृतको हस्ताक्षर भएको पल्टनिया किताव (रेजिमेण्टल बुक) मा उल्लिखित व्यहोरा,

(च) पल्टनिया किताब जिम्मा लिने अधिकृतले सक्कल बमोजिम नक्कल दुरुस्त छ भनी हस्ताक्षरद्वारा प्रमाणित नक्कलमा उल्लिखित व्यहोरा,

(छ) दफा ४२ र ५८ बमोजिमको कसूरको अभियोगमा पुर्पक्ष भइरहेको यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले कुनै अधिकृत कहाँ वा नेपाली सेनाको कुनै अङ्ग समक्ष आत्मसमर्पण गरेकोछ वा त्यस्ता व्यक्तिलाई कुनै अधिकृत वा यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले पक्राउ गरेकोछ भने सो सम्बन्धमा त्यस्ता अधिकृत वा त्यस्ता व्यक्तिको वा नेपाली सेनाको त्यस अङ्गको कमाण्डिङ्ग अधिकृतले आत्मसमर्पण गरेको

वा पक्राउ भएको ठाउँ, मिति र त्यस व्यक्तिले लगाएको पोशाकको छाँट समेतको वारेमा यथार्थ कुरा खुलाई हस्ताक्षरद्वारा प्रमाणित पत्रमा उल्लिखित व्यहोरा,

(ज) दफा ४२ र ५८ बमोजिमको कसूरको अभियोगमा पुर्पक्ष भइरहेको यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले प्रहरी थानाको प्रमुख समक्ष आत्मसमर्पण गरेको वेलामा वा त्यस्तो व्यक्तिलाई प्रहरी थानाको प्रमुखले पक्राउ गरेको वेलामा त्यस प्रहरी अधिकृतले आत्मसमर्पण गरेको वा पक्राउ भएको ठाउँ, मिति र त्यस व्यक्तिले लगाएको पोशाकको छाँट समेतको वारेमा यथार्थ कुरा खुलाई हस्ताक्षरद्वारा प्रमाणित पत्रमा उल्लिखित व्यहोरा,

(झ) जाँच पड्ताल वा अनुसन्धानको लागि पेश भई कुनै विधिविज्ञान विशेषज्ञ वा विधिविज्ञान प्रयोगशालाबाट रीतपूर्वक प्राप्त प्रतिवेदनमा उल्लिखित व्यहोरा ।

९०. <u>सरकारी अधिकृतसँग विवरण माग गर्ने</u> : (१) दफा ४२ र ५८ बमोजिम कसूरको अभियोग लागेको व्यक्तिले तत्सम्बन्धमा नेपाल सरकारको कुनै अधिकृतसँग बुझी पाउन अनुरोध गरेमा वा स्वयम् सैनिक अदालतले सो वारेमा बुझ्न मनासिब ठानेमा त्यस्तो अधिकृतसँग आवश्यक जानकारी माग गर्न र त्यस्तो जानकारी नआएसम्म मुद्दाको पुर्पक्ष स्थगन राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त जानकारीलाई सैनिक अदालत समक्ष दिएको बयान सरह मानिनेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त नहुँदै सैनिक अदालत विघटन भएमा वा सैनिक अदालतले यस दफा अनुसारको प्रक्रिया पूरा गर्न छुटाएकोमा सैनिक अदालत बोलाउने अधिकृतले सो कारबाही रद्द गरी पुनः पुर्पक्ष गर्न आदेश दिन सक्नेछ ।

९१. <u>पहिलेको दण्ड सजाय र चरित्रको प्रमाण</u> : (१) परिच्छेद-७ बमोजिमको कसूर गरेको अभियोगमा मुद्दा दायर गरिएको कुनै अभियुक्तको सम्बन्धमा फैसला गर्दा त्यस्तो अभियुक्त यस अघि सैनिक अदालत वा अन्य अदालतबाट दोषी ठहरिए नठहरिएको वा विभागीय सजाय पाए नपाएको बुझी त्यसमा भएको निर्णय समेतलाई प्रमाणको रुपमा लिन सकिनेछ । यस प्रयोजनको लागि अभियुक्तको चरित्र र निजको विगत क्रियाकलापलाई समेत सैनिक अदालतले जानकारीमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाण मौखिक वा सैनिक अदालतको किताव वा अरु सरकारी कितावमा लेखिएको कुरा वा त्यस्तो कितावको हो भनी प्रमाणित उतार हुन सक्नेछ र अघि ठहरिएको कसूर वा अभियुक्तको चरित्र र

निजको विगत क्रियाकलापलाई समेत प्रमाणको रुपमा लिन सकिनेछ भनी पुर्पक्ष अगावै अभियुक्तलाई सूचना दिन आवश्यक पर्ने छैन ।

(३) समरी सैनिक अदालतले उचित ठहऱ्याएमा अभियुक्तको सम्बन्धमा यस अघि कुनै फैसला भएकोमा यसै ऐन बमोजिम सो फैसला, निजको चरित्र र विगत क्रियाकलापको सम्बन्धमा आफूलाई प्राप्त जानकारी प्रमाणित नगराइकन पनि अभिलेख राख्न सक्नेछ ।

९२. प्रमाण ऐन, २०३१ को व्यवस्था लागू हुने : सैनिक अदालतले यो ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दाको पुर्पक्षको क्रममा प्रमाण बुझ्दा यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम र अरुमा प्रमाण ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

९३. विक्षिप्त अभियुक्तको वचाउ : (१) सैनिक अदालतबाट मुद्दा पुर्पक्ष हुँदा अभियुक्त विक्षिप्त भएको कारणबाट प्रतिवाद गर्न असमर्थ छ वा निज माथि लगाएको आरोप निज विक्षिप्त भएको कारणबाट सो कामको प्रकृति र सो काम अनुचित र कानून विरुद्ध छ भन्ने जान्न नसक्ने भई यस्तो कसूर गरेको हो भन्ने लागेमा सैनिक अदालतले सो सम्बन्धमा पर्चा खडा गर्नेछ ।

(२) सैनिक अदालतको अध्यक्षले वा समरी सैनिक अदालतको हकमा पुर्पक्ष गर्ने अधिकृतले उपदफा (१) बमोजिम खडा गरेको पर्चा अविलम्ब उक्त मुद्दा सदर गर्ने अधिकारी वा दफा ११५ को उपदफा (३) बमोजिमको अधिकारी समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनलाई मुद्दा सदर गर्ने अधिकारीले सदर नगरेमा त्यस्तो अभियुक्तको मुद्दा सोही वा अरु सैनिक अदालतबाट पुर्पक्ष गराउनको लागि आवश्यक कारबाही गर्न सक्नेछ ।

(४) समरी सैनिक अदालतले उपदफा (२) बमोजिम पेश गरेको पर्चामा उल्लिखित व्यहोरा सदर गरेमा सदर गर्ने अधिकारीले अभियुक्तलाई हिरासतमा राख्ने आदेश दिई स्वीकृतिको लागि नेपाल सरकार, रक्षा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रतिवेदन प्राप्त भएपछि रक्षा मन्त्रालयले अभियुक्तलाई पागलखाना वा उपयुक्त अरु सुरक्षित स्थानमा थुनामा राख्ने आदेश दिन सक्नेछ ।

९४. विक्षिप्त अभियुक्तको मुद्दाको पुर्पक्ष : (१) दफा ९३ बमोजिम हिरासतमा रहेको विक्षिप्त अभियुक्तले आफू माथि लागेको अभियोग प्रतिवाद गर्न समर्थ छ भन्ने चिकित्सकबाट प्रतिवेदन प्राप्त भएमा वा पागलखाना वा कारागारमा हिरासतमा रहेको विक्षिप्त अभियुक्तले आफू माथि लागेको अभियोगको प्रतिवाद गर्न सक्छ भनी त्यस्तो पागलखाना वा कारागार प्रमुखले प्रमाणित गरिदिएमा अभियुक्त

रहेको क्षेत्रको सेना, चमु, पृतना वा वाहिनीपतिले वा निजको सट्टा अरु कुनै अधिकृतले पहिले लगाइएको अभियोग सोही वा अन्य सैनिक अदालतबाट पुर्पक्ष गराउन आदेश दिन सक्नेछ । यस ऐन बमोजिमका कसूर बाहेक प्रचलित कानून बमोजिमका अन्य कसूर भए अन्य अदालतबाट पुर्पक्ष गराउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश रक्षा मन्त्रालयको जानकारीको लागि पठाउनु पर्नेछ ।

९५. विक्षिप्त अभियुक्तलाई छोड्न सक्ने : हिरासतमा रहेको अभियुक्तको हकमा चिकित्सकको प्रतिवेदनको आधारमा र थुनामा राखिएको अभियुक्तको हकमा पागलखाना वा कारागार प्रमुखले अभियुक्तलाई छुट्कारा दिएमा वा निजले आफ्नै वा अरु कसैको पनि हानि नोक्सानी गर्न सक्दैन भनी प्रमाणित गरिदिएमा रक्षा मन्त्रालयले दफा ९३ बमोजिम हिरासतमा रहेको अभियुक्तलाई छाड्न वा हिरासतमा राख्न वा अघिदेखि नै पागलखानामा राखेको रहेनछ भने पागलखानामा पठाउन सक्नेछ ।

९६. विक्षिप्त अभियुक्त हकदार वा संरक्षकलाई सुम्पिन सक्ने : दफा ९३ बमोजिम हिरासतमा रहेको अभियुक्तको कुनै हकदार वा संरक्षकले आफ्नो रेखदेखमा राख्न वा जिम्मामा लिन निवेदन दिएमा त्यस्तो अभियुक्तको रेखदेख हुने, आफै वा अरु कसैलाई क्षति नपुऱ्याउने र निर्धारित समय र मितिमा तोकिएको अधिकृत समक्ष जाँचको निमित्त उपस्थित गराउने कुरामा रक्षा मन्त्रालय सन्तुष्ट भएमा सो मन्त्रालयले निजलाई निजको हकदार वा संरक्षकलाई सुम्पन सक्नेछ ।

९७. कसूरसँग सम्बद्ध मालसामानको लिलाम बिक्री तथा बन्दोवस्त : (१) सैनिक अदालतले मुद्दाको पुर्पक्षको क्रममा आफू समक्ष पेश भएको कसूरसँग सम्बद्ध मालसामानको सुरक्षा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षाको लागि राखेको मालसामान सडी गली नासी जाने भएमा सैनिक अदालतले त्यस्तो मालसामान लिलाम बिक्री गरी प्राप्त हुन आएको रकम सरकारी खातामा आम्दानी बाँध्न आदेश दिन सक्नेछ ।

(३) सैनिक अदालतबाट मुद्दाको कारबाही समाप्त भएपछि त्यस्तो सैनिक अदालतबाट भएको ठहर सजायलाई सदर गर्ने अधिकारी वा सो अधिकृत भन्दा माथिको अधिकृतले र त्यस्तो सजाय सदर गराउनु नपर्ने सैनिक अदालतको ठहर भएपछि सेना, चमु, पृतना वा वाहिनीपतिले मुद्दाको पुर्पक्षको क्रममा सैनिक अदालत समक्ष पेश भएको कसूरसँग सम्बद्ध मालसामान, लिखत, जफत गर्न, नष्ट गर्न वा त्यसको हकदार भनी दावी गर्ने व्यक्तिलाई फिर्ता दिन वा बिक्री गर्न मनासिब माफिकको आदेश दिन सक्नेछ ।

(४) मुद्दाको पुर्पक्ष नेपालराज्यभित्र नभएको अवस्थामा उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारीले आदेशको नक्कल मालसामान रहेको

जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष पठाउनु पर्नेछ र प्रमुख जिल्ला अधिकारीले पनि त्यस्तो आदेश बमोजिम काम तामेल गराउनु पर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "मालसामान" भन्नाले कसूरसँग सम्बद्ध मालसामानको हकमा शुरु कब्जा वा अधिकारभित्र रहेको मालसामान लगायत सो मालसामान तुरुन्त वा पछि परिवर्तन गरी वा सटही गरी वा बिक्री गरी प्राप्त भए गरेको आम्दानी समेतलाई जनाउँछ ।

९८. सैनिक अदालतको कारबाहीको मान्यता : यस ऐन अन्तर्गत सैनिक अदालतले गरेको पुर्पक्षलाई अदालती कारबाही मानिनेछ ।

९९. सैनिक अदालतको स्थगन तथा विघटन : (१) देहायको अवस्थामा सैनिक अदालत स्थगन हुनेछ :-

(क) मुद्दाको पुर्पक्ष शुरु भए पछि दफा ६७ बमोजिम निर्धारित अध्यक्ष तथा सदस्यको सङ्ख्या घट्न गएमा,

(ख) पुर्पक्षको क्रम जारी रहँदा प्राड विवाकको प्रतिनिधि वा अभियुक्त विरामी भएको कारणबाट पुर्पक्ष चालू राख्न सम्भव नभएमा ।

(२) सैनिक आवश्यकता वा अनुशासनको दृष्टिकोणले सैनिक अदालत जारी राख्न असम्भव वा अनुचित देखिएमा सैनिक अदालत बोलाउने अधिकार प्राप्त अधिकारीले सैनिक अदालत विघटन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कारण परी स्थगित भएको सैनिक अदालत पूर्व स्थितिमा आएमा पुर्पक्ष पुनः चालू गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिमको कारण परी विघटन भएको सैनिक अदालत पुनः बोलाई मुद्दाको पुर्पक्ष चालू गर्न सकिनेछ ।

(५) सैनिक अदालतबाट फैसला सम्बन्धी सम्पूर्ण कारबाही समाप्त भएपछि त्यस्तो सैनिक अदालत स्वतः विघटन हुनेछ ।

१००. मिसिल पठाउने : (१) समरी सैनिक अदालत बाहेक अन्य सैनिक अदालतबाट मुद्दाको पुर्पक्ष, कारबाही र किनारा समाप्त भएपछि निर्णय सहितको मिसिल प्राड विवाक पठाउनु पर्नेछ र प्राड विवाकले आवश्यक जाँचबुझ गरी फैसला वा राय सदरको लागि क्रमशः दफा १०८, १०९ र ११० बमोजिमका अधिकारी समक्ष पठाउनु पर्नेछ ।

(२) समरी सैनिक अदालतबाट मुद्दाको पुर्पक्ष, कारबाही र किनारा भए पछि निर्णय सहितको मिसिल प्राड विवाकमा पठाउनु पर्नेछ र प्राड विवाकले आवश्यक जाँचबुझ गर्नेछ ।

(३) दफा १०५ बमोजिम विभागीय सजायको आदेश भएको अवस्थामा सजाय दिने अधिकृतले कारबाहीको मिसिलको प्रमाणित नक्कल दफा ११८ बमोजिमको अधिकारी समक्ष पठाउनु पर्नेछ ।

## परिच्छेद-११

## दण्ड सजाय

१०१. सैनिक अदालतबाट दिइने सजाय : (१) सैनिक अदालतबाट देहाय बमोजिमको सजाय दिन सकिनेछ :-

(क) ⌦सर्वस्व सहित जन्मकैद गर्ने,

➢(ख) अंश सर्वस्व गर्ने,

(ग) १४ वर्षसम्म कैद सजाय गर्ने,

(घ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी हटाउने वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी वर्खास्त गर्ने,

(ङ) दर्जा घटाउने,

(च) पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(छ) जङ्गी कारबाहीमा गरिएको कसूरमा तीन महीनासम्मको तलब भत्ता कट्टा गर्ने,

(ज) क्षतिपूर्ति नभएसम्म तलब भत्ता रोक्का गर्ने,

(झ) बढीमा दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने,

(ञ) नसिहत दिने,

(२) देहायको कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) दफा ३८, ३९ र दफा ४२ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा ⊠सर्वस्व सहित जन्मकैद सजाय हुनेछ ।

---

⌦ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा उपदफा (१) को खण्ड (क) मा रहेका "सर्वस्व सहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्द राख्ने गरी संशोधन गरिएकोमा सो ऐन मिति २०७५।५।१ देखि प्रारम्भ हुने ।

➢ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा उपदफा (१) को खण्ड (ख) झिक्ने गरी संशोधन गरिएकोमा सो ऐन मिति २०७५।५।१ देखि प्रारम्भ हुने ।

⊠ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा उपदफा (२) को खण्ड (क) मा रहेका "सर्वस्व सहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्द राख्ने गरी संशोधन गरिएकोमा सो ऐन मिति २०७५।५।१ देखि प्रारम्भ हुने ।

(ख) देहाय बमोजिमको कसूर गरेमा चौध वर्षसम्म कैद सजाय हुनेछ :-

(१) दफा ४० बमोजिमको कसूर गरेमा,

(२) जङ्गी कारबाहीमा लागेको बखत दफा ४१ र ४५ को खण्ड (क) बमोजिमको कसूर गरेमा,

(३) जानी जानी दफा ४३ वा ४६ बमोजिमको कसूर गरेमा,

(४) जङ्गी कारबाहीमा लागेको बखत आफ्नो कर्तव्य पालन गरिरहेको कुनै अधिकृत उपर दफा ४४ को खण्ड (क) वा (ख) बमोजिम कसूर गरेमा,

(५) दफा ४७ बमोजिमको कसूर गरेमा ।

(ग) देहाय बमोजिमको कसूर गरेमा दश वर्षसम्म कैद सजाय हुनेछ :-

(१) जङ्गी कारबाहीमा नलागेको बखत कुनै अधिकृत उपर दफा ४४ को खण्ड (क) वा (ख) बमोजिम कसूर गरेमा,

(२) दफा ४८, ४९ वा दफा ५० बमोजिमको कसूर गरेमा,

(३) दफा ५१ को खण्ड (क) वा दफा ५२ को खण्ड (क) बमोजिमको कसूर गरेमा,

(घ) दफा ४२ को उपदफा (१) को खण्ड (ख) बमोजिमको कसूर गरेमा ➢अंश सर्वस्व वा सात वर्षसम्म कैद सजाय हुनेछ ।

(ङ) देहाय बमोजिमको कसूर गरेमा सात वर्षसम्म कैद सजाय हुनेछ :-

(१) जङ्गी कारबाहीमा नलागेको बखत दफा ४१ बमोजिमको कसूर गरेमा,

(२) थाहा नपाई दफा ४६ बमोजिमको कसूर गरेमा,

(३) दफा ५२ को खण्ड (ख), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिमको कसूर गरेमा,

(४) दफा ५३, ५४ वा दफा ६३ बमोजिमको कसूर गरेमा ।

(च) देहाय बमोजिमको कसूर गरेमा पाँच वर्षसम्म कैद सजाय हुनेछ :-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

➢ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा उपदफा (२) को खण्ड (घ) मा रहेको "अंश सर्वस्व वा" भन्ने शब्दहरु झिक्ने गरी संशोधन गरिएकोमा सो ऐन मिति २०७५।५।१ देखि प्रारम्भ हुने ।

(१) दफा ४४ को खण्ड (ग) बमोजिम कसूर गरेमा,

(२) जङ्गी कारबाहीमा नलागेको बखत दफा ४५ को खण्ड (क) बमोजिमको कसूर गरेमा,

(३) दफा ५१ को खण्ड (ख) वा (ग) वा दफा ५५, ५६ वा दफा ५७ बमोजिमको कसूर गरेमा,

(छ) दफा ४२ को उपदफा (१) को खण्ड (ग) वा (घ) वा दफा ५८, ५९ वा दफा ६० बमोजिमको कसूर गरेमा तीन वर्षसम्म कैद सजाय हुनेछ ।

(ज) देहाय बमोजिमको कसूर गरेमा दुई वर्षसम्म कैद सजाय हुनेछ :-

(१) दफा ४२ को उपदफा (१) को खण्ड (ङ), (च), (छ) वा (ज) बमोजिमको कसूर गरेमा,

(२) दफा ४५ को खण्ड (ख) बमोजिम कसूर गरेमा,

(३) अधिकृत भन्दा तलको व्यक्तिले जङ्गी कारबाही र कर्तव्य पालनको समयमा दफा ५२ को खण्ड (ज) बमोजिमको कसूर गरेमा,

(४) थाहा नपाई दफा ४३ बमोजिमको कसूर गरेमा,

(५) दफा ६१ बमोजिमको कसूर गरेमा ।

(झ) अधिकृत भन्दा तलको व्यक्तिले जङ्गी कारबाही र कर्तव्य पालन बाहेक अन्य समयमा दफा ५२ को खण्ड (ज) बमोजिमको कसूर गरेमा ६ महीनासम्म कैद सजाय हुनेछ ।

(ञ) दफा ५२ को खण्ड (झ) र (ञ) बमोजिम कसूर गरेमा सेवाबाट बर्खास्त हुनेछ ।

(ट) दफा ६२ को खण्ड (ट) बमोजिमको कसूर गरेमा दुई तलब वृद्धि रोक्का गर्ने वा दुईवर्ष सम्म बढुवा रोक्का गर्ने ।

(ठ) सैनिक अदालतबाट परिच्छेद-७ मा उल्लिखित कसूर गर्ने उद्योग गरेको वा त्यस्तो कसूर गर्न सुऱ्याएको ठहरिएमा यस ऐनमा किटानी व्यवस्था भएकोमा बाहेक देहाय बमोजिमको सजाय हुनेछ :-

(१) सर्वस्व सहित जन्म कैद हुने कसूर गर्ने उद्योग गरेकोमा चौध वर्षसम्म कैद र अन्य कसूर गर्ने उद्योग गरेकोमा जुन कसूर गर्ने उद्योग गरेकोछ सो कसूर गरे बापत हुने कैदको माथिल्लो हदको आधासम्म कैद,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) कुनै कसूर गर्न सुऱ्याएकोमा जुन कसूर गर्न सुऱ्याएकोछ सो कसूरलाई हुने सजाय बराबर,

(३) सर्वस्व सहित जन्म कैद हुने कसूर गर्न सुऱ्याएको तर कसूर हुन नपाएकोमा चौध वर्षसम्म कैद र अन्य कसूर गर्न सुऱ्याएको तर कसूर हुन नपाएकोमा जुन कसूर गर्न सुऱ्याएकोछ सो कसूर गरे बापत हुने कैदको माथिल्लो हदको आधासम्म कैद ।

(३) दफा ४२ को उपदफा (१) को खण्ड (क) बमोजिम कसूर गर्ने व्यक्ति भागेको मितिले पैंतीस दिनभित्र पनि फेला परेन वा हाजिर हुन आएन भने निजको अंश रोक्का गरिनेछ । त्यस्तो व्यक्ति तीन वर्षसम्म पनि हाजिर हुन आएन वा खोजी गर्दा पनि फेला परेन भने निजको अंश जफत र लिलाम बिक्री गरी प्राप्त हुन आएको रकम सरकारी कोषमा दाखिल गरिनेछ ।

(४) उपदफा (३) बमोजिम अंश जफत गरेपछि कसूरदार फेला परेमा ➢<u>सर्वस्व सहित</u> जन्मकैदको सजाय दिन सकिनेछ ।

(५) उपदफा (२) को खण्ड (ञ) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गरिएका कुनै व्यक्तिको सञ्चय कोषमा जम्मा भएको रकम बाहेक निजको बाँकी रहेको तलब भत्ता र निजले पाउनु पर्ने निवृत्तभरण लगायत अन्य सुविधा रकम समेत दिइने छैन ।

१०२. <u>सजायमा थप घट गर्न सक्ने</u> : (१) सैनिक अदालतबाट परिच्छेद-७ मा उल्लिखित कसूरको अभियोग ठहर भएमा सैनिक अदालतले सो कसूरका लागि दफा १०१ को उपदफा (२) मा लेखिए बमोजिमको सजाय वा कसूरको मात्रा अनुसार सोही दफाको उपदफा (१) मा लेखिएका सजायहरुमध्ये कुनै कम सजाय दिन सक्नेछ ।

(२) सैनिक अदालतले दफा १०१ को उपदफा (१) को खण्ड (घ) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गर्ने वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी हटाउने सजाय दिएकोमा सोही उपदफाको खण्ड (ङ), (च), (छ), (ज), (झ) वा (ट) बमोजिमको कुनै एक वा एकभन्दा बढी थप सजाय दिन सकिनेछ ।

(३) अधिकृत दर्जाको व्यक्तिलाई दफा १०१ को उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमको कुनै सजायको आदेश दिनु अगावै सोही दफाको खण्ड (घ) बमोजिमको सजाय गर्नु पर्नेछ ।

---

➢ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा उपदफा (४) मा रहेको "सर्वस्व सहित" भन्ने शब्दहरु झिक्ने गरी संशोधन गरिएकोमा सो ऐन मिति २०७५।५।१ देखि प्रारम्भ हुने ।

१०३. <u>एक कसूरको अभियोग लागेको अभियुक्तलाई अर्को कसूरमा सजाय दिन सक्ने</u> : (१) देहाय बमोजिमको कसूरको अभियोग लगाइएको अभियुक्तलाई सैनिक अदालतले देहाय बमोजिमको कसूरमा दोषी ठहऱ्याई सजाय दिन सक्नेछ :-

(क) भगुवाको अभियोग लगाइएकोलाई भाग्ने उद्योग गरेको वा गयल भएको कसूरमा,

(ख) भाग्ने उद्योग गरेको अभियोग लगाइएकोलाई गयल भएको कसूरमा,

(ग) आपराधिक वल प्रयोग गर्ने अभियोग लगाइएकोलाई हमला गरेको कसूरमा,

(घ) धम्कीको वोली प्रयोग गर्ने अभियोग लगाइएकोलाई मर्यादा नराखी होच्याई वोलेको कसूरमा,

(ङ) दफा ४९ को खण्ड (क) वा (ख) बमोजिमको कुनै कसूरको अभियोग लगाइएको व्यक्तिलाई सोही दफाको खण्ड (ग) बमोजिमको कसूरमा ।

(२) यस ऐन बमोजिम कुनै कसूरको अभियोग लगाइएको अभियुक्तलाई कडा सजाय हुने परिस्थितिमा सो कसूर गरेको भनी प्रमाणित नभएमा सैनिक अदालतले सामान्य परिस्थितिमा कसूर गरेको मानी कम सजाय दिन सक्नेछ ।

(३) यस ऐन बमोजिम कुनै कसूरको अभियोग लगाइएको अभियुक्त उपर सो कसूर गर्न उद्योग गरेको वा सुऱ्याएको भनी छुट्टै अभियोग नलगाइएको भए तापनि सैनिक अदालतले त्यस्तो कसूर गर्न उद्योग गरेको वा सुऱ्याएको भनी दोषी ठहऱ्याई सजाय दिन सक्नेछ ।

१०४. <u>रणभूमि सजाय</u> : (१) दफा ६३ को उपदफा (२) बमोजिमको कसूर गरेमा जीउमा क्षति पुऱ्याउने बाहेक थुन्ने वा कडा परिश्रम गराउने गरी रणभूमि सजाय दिइनेछ ।

(२) हुद्दा, अमल्दार वा प्युठलाई रणभूमि सजाय दिएको अवस्थामा निज सिपाहीमा ओह्रालिएको मानिनेछ ।

१०५. <u>विभागीय सजाय</u> : (१) परिच्छेद-८ र यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको क्षेत्राधिकारभित्र पर्ने देहायका दर्जाका व्यक्तिले यस ऐन बमोजिम कसूर गरेमा कसूरको गाम्भीर्य हेरी निजलाई सैनिक अदालत नबोलाई देहाय बमोजिमको अधिकारीले देहाय बमोजिम विभागीय सजायको आदेश दिन सक्नेछ :-

(क) कमाण्डिङ्ग अधिकृत वा सो सरहका कमाण्डर वा नेपाल सरकारको स्वीकृति लिई प्रधान सेनापतिले तोकेको अन्य

अधिकृतले अधिकृत तथा पदिक दर्जा बाहेक अन्य दर्जाका व्यक्तिलाई देहायको कुनै एक वा एकभन्दा बढी विभागीय सजायको आदेश दिन सक्नेछ :-

(१) तीस दिनसम्म सैनिक हिरासतमा राख्ने,

(२) तीस दिनसम्म नजरबन्द राख्ने,

(३) तीस दिनसम्म लाइनमा थुन्ने,

(४) थप गार्ड वा ड्युटीमा राख्ने,

(५) गरिरहेको काम खोस्ने वा कायम मुकायम भइरहेको दर्जाबाट हटाउने,

(६) असल सेवा, आचरण वा योग्यता बापत खाइ पाइरहेको तलब भत्ता रोक्का वा कट्टा गर्ने,

(७) नसिहत दिने,

(८) एक महीनामा चौध दिनसम्मको तलब जरिबाना गर्ने,

(९) क्षतिपूर्ति नभएसम्म तलब भत्ता रोक्का वा कट्टा गर्ने,

(१०) जङ्गी कारबाहीमा लागेको बखतमा तीस दिनसम्म रणभूमि सजाय गर्ने,

(११) रणभूमि सजाय दिने ।

(ख) पृतनापति, वाहिनीपति वा सो सरहका पतिले वा नेपाल सरकारको स्वीकृति लिई प्रधान सेनापतिले तोकेको अन्य अधिकारीले सेनानी भन्दा तल्लो दर्जाको अधिकृत वा पदिकलाई देहायका कुनै एक वा एक भन्दा बढी विभागीय सजायको आदेश दिन सक्नेछ :-

(१) नसिहत दिने,

(२) चेतावनी दिने,

(३) क्षतिपूर्ति नभएसम्म तलब भत्ता रोक्का गर्ने,

(४) एक वर्षसम्म बढुवा रोक्का गर्ने,

(५) एक वर्षसम्म ज्येष्ठता कट्टा गर्ने ।

(ग) उपरथी वा सो सरहका दर्जाका अधिकारीले वा नेपाल सरकारको स्वीकृति लिई प्रधान सेनापतिले तोकेको अन्य

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अधिकारीले प्रमुख सेनानी र सो भन्दा तल्लो दर्जाको अधिकृत र पदिकलाई देहायको कुनै एक वा एक भन्दा बढी विभागीय सजायको आदेश दिन सक्नेछ :-

(१) नसिहत दिने,

(२) चेतावनी दिने,

(३) क्षतिपूर्ति नभएसम्म तलब भत्ता रोक्का गर्ने,

(४) एक वर्षसम्म बढुवा रोक्का गर्ने,

(५) एक वर्षसम्म ज्येष्ठता कट्टा गर्ने ।

(घ) नेपाल सरकारको स्वीकृति लिई प्रधान सेनापति वा कमाण्डिङ्ग अधिकृतले तोकेको अन्य अधिकृतले यो ऐन अन्तर्गतको कुनै कसूरको अभियोग लागेको पदिक दर्जाको सैनिक उपर तोकिएको तरिकाले कारबाही चलाई कसूर गरेको ठहरिएमा हुन गएको क्षतिपूर्ति नभएसम्म निजको तलब भत्ता रोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागीय सजायको आदेश दिनु अघि सम्बन्धित अभियुक्तले चाहेमा त्यस्तो कसूरको पुर्पक्ष सैनिक अदालतबाट गराउनको लागि निवेदन दिने अधिकारबाट निजलाई वञ्चित गरिने छैन ।

१०६. <u>विभागीय सजायको हद</u> : (१) दफा १०५ को उपदफा (१) को खण्ड (क) बमोजिम विभागीय सजायको आदेश दिँदा सोही खण्डको उपखण्ड (१), (२) र (३) बमोजिम रणभूमि सजाय खापिने छैन ।

(२) दफा १०५ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (१), (२), (३) वा (४) बमोजिमको सजाय मध्ये दुई वा सोभन्दा बढी सजाय दिएको अवस्थामा उपखण्ड (१) वा (२) बमोजिमको सजाय भुक्तान भएपछि मात्र उपखण्ड (३) वा (४) बमोजिमको सजाय थप हुनेछ ।

(३) दफा १०५ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (१), (२) वा (३) बमोजिम एक वा एक भन्दा बढी सजायको आदेश दिइएकोमा त्यस्ता सजायको कुल अवधि पैंतालीस दिन भन्दा बढी हुने छैन ।

(४) बिल्लादार भन्दा तल्लो दर्जाको सैनिकलाई दफा १०५ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (७) बमोजिमको सजाय दिइने छैन ।

१०७. <u>सामूहिक जरिबाना</u> : (१) कुनै गुल्म, स्क्वाड्रन, व्याट्री वा त्यस्तो अरु युनिटको सरसामान (इक्विपमेण्ट) कुनै हात हतियार, गोली गट्ठा वा हात हतियारको कुनै पार्टपुर्जा हराए, चोरिएमा त्यस्ता युनिटका सेना, चमु, पृतना वा वाहिनीपतिले कोर्ट अफ् इन्क्वायरीको प्रतिवेदन पाएपछि पदिक, हुद्दा, अमल्दार, प्युठ र त्यस

युनिटका व्यक्तिहरू सबैलाई वा जवाफदेही हुनु पर्ने भनी आफूले ठहऱ्याए जति व्यक्तिहरूलाई सामूहिक जरिबाना गर्न सक्नेछ ।

(२) जरिबाना लागेका व्यक्तिहरूको तलबबाट दामासाहीले त्यस्तो जरिबाना असुल उपर गरिनेछ ।

परिच्छेद-१२

मुद्दा सदर गर्ने र दोहोऱ्याउने

१०८. जनरल सैनिक अदालतको ठहर वा सजाय सदर गर्ने : जनरल सैनिक अदालतबाट भएको ठहर वा सजाय नेपाल सरकारले वा नेपाल सरकारले अधिकार दिएको अधिकारीले सदर गर्न सक्नेछ ।

१०९. समरी जनरल सैनिक अदालतको ठहर वा सजाय सदर गर्ने : सैनिक अदालत बोलाउने अधिकृतले वा निजले माथिल्लो तहमा पेश गर्नु भन्ने आदेश दिएमा निज भन्दा माथिका अधिकृतले समरी जनरल सैनिक अदालतबाट भएको ठहर वा सजाय सदर गर्न सक्नेछ ।

११०. डिष्ट्रिक्ट सैनिक अदालतको ठहर वा सजाय सदर गर्ने : डिष्ट्रिक्ट सैनिक अदालतबाट भएको ठहर वा सजाय जनरल सैनिक अदालत बोलाउने अधिकार प्राप्त अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले सदर गर्न सक्नेछ ।

१११. मुद्दा सदर गराउँदा अपनाउनु पर्ने कार्यविधि : दफा १०८, १०९ र ११० बमोजिमको मुद्दा सदर गराउने प्रयोजनका लागि मुद्दा फैसला गर्ने सैनिक अदालतले फैसला भएको मितिले सात दिनभित्र स्पष्ट आधार र कारण सहितको फैसलाको पूर्ण पाठ तयार गरी सदरको लागि सम्बन्धित मिसिल तीस दिनभित्र उपलब्ध गराउनु पर्नेछ । त्यसरी प्राप्त भएको मिसिलका हकमा फैसला सदर गर्ने निकाय वा अधिकारीले त्यस्तो मिसिल प्राप्त भएका मितिले बढीमा तीस दिनभित्र आफ्नो कारबाहीको टुंगो लगाउनु पर्नेछ ।

११२. शर्त तोक्न सक्ने : दफा १०८ वा ११० बमोजिम अधिकार दिने अधिकारीले अधिकार दिँदा आवश्यकता अनुसार शर्त तोक्न सक्नेछ ।

११३. सजाय घटाउन सक्ने : सैनिक अदालतको सजाय सदर गर्ने अधिकारीले दफा ११२ बमोजिम कुनै शर्त तोकिएमा त्यसको अधीनमा रही सैनिक अदालतको सजाय घटाउन वा दफा १०१ मा तोकिएको सजायहरुमध्ये कम सजाय दिन सक्नेछ ।

११४. ठहर वा सजाय दोहोऱ्याउने : (१) सैनिक अदालतबाट ठहर भएको सजायलाई सो सदर गर्ने अधिकारीले दोहोऱ्याई हेर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएमा सैनिक अदालतले सो मुद्दामा अरु थप सवुत प्रमाण बुझी मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ ।

(३) मुद्दा दोहोऱ्याई हेर्नु पर्दा कुनै अनिवार्य कारणले उपस्थित हुन नसकेमा बाहेक शुरु फैसला गर्ने अधिकृतहरूबाट नै दोहोऱ्याउनु पर्छ ।

(४) उपदफा (३) बमोजिम शुरु फैसला गर्ने अधिकृतहरू उपस्थित हुन नसकेमा सोको कारण सहितको निस्सा मिसिल सामेल राखी शुरु फैसला गर्ने अधिकृतमध्ये उपस्थित हुन नसक्ने सङ्ख्या बराबरका अन्य सदस्यहरू थपी मुद्दाको कारबाही शुरु गर्नु पर्नेछ ।

११५. समरी सैनिक अदालतको ठहर वा सजाय : (१) समरी सैनिक अदालतको ठहर वा सजाय सदर गराइरहनु पर्ने छैन । तुरुन्त तामेल गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पाँच वर्ष भन्दा कम सेवा अवधि भएका अधिकृतले कारबाही गरेको रहेछ भने जङ्गी कारबाहीमा लागेको बखतमा बाहेक वाहिनीपति वा सो भन्दा माथिल्लो अधिकृतको स्वीकृति प्राप्त नगरी सजाय तामेल गर्नु हुँदैन ।

(३) समरी सैनिक अदालतले गरेको ठहर वा सजाय वाहिनी वा पृतनापति वा प्रधान सेनापतिले अधिकार दिएको अधिकृत समक्ष पेश गर्नु पर्नेछ र त्यस्ता अधिकृतले मुद्दाको वास्तविक रुप हेरी ठहर वा सजाय बदर गर्न वा घटाउन सक्नेछ ।

११६. ठहर वा सजाय हेरफेर गर्ने : (१) सैनिक अदालतको सजाय सदर भएको वा सदर गराउनु नपर्ने कुनै ठहर वा सजाय प्रमाणद्वारा समर्थन हुन नसकेमा वा अन्य कुनै कारणबाट मान्न नसकिने भएमा दफा ११३ बमोजिम सजाय घटाउन अधिकार पाएका अधिकारीले नयाँ ठहर वा सजाय गरेमा सो बमोजिम सजाय कार्यान्वयन गर्न सकिनेछ ।

तर त्यस्तो ठहर वा सजायमा सैनिक अदालतले अधिकार क्षेत्रको प्रश्न उठाएमा वा सो ठहर वा सजाय हुने कारणमा सैनिक अदालत सन्तुष्ट हुन नसकेको अवस्थामा बाहेक नयाँ ठहर वा सजाय गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम नयाँ ठहर गरी सजाय दिइएकोमा बाहेक सैनिक अदालतबाट गरिएको र सदर भइसकेको वा सदर गराउन नपर्ने कुनै सजाय कुनै कारणबाट अमान्य ठहरिन आएमा उपदफा (१) बमोजिमको अधिकारीले सोही उपदफामा उल्लिखित व्यवस्थाको अधीनमा रही आफूले उचित ठहऱ्याएको नयाँ सजाय दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम दिइने सजाय सैनिक अदालतबाट ठहर भएको सजाय भन्दा बढी हुने गरी दिइने छैन ।

(४) यस दफा अन्तर्गत हेरफेर वा ठहर भएको सजाय सैनिक अदालतबाट गरे सरह हुनेछ ।

११७. <u>ठहर वा सदर मान्य नहुने</u> : समरी सैनिक अदालत बाहेक अन्य सैनिक अदालतबाट भएका ठहर वा सजाय अधिकार प्राप्त अधिकारीबाट सदर नभएसम्म मान्य हुने छैन ।

११८. <u>विभागीय सजायको आदेश उपर पुन: विचार</u> : विभागीय सजायको आदेश गैरकानूनी, अन्यायपूर्ण वा बढी देखिन आएमा देहायका अधिकारीले पुन: विचार गरी सो सजाय बदर, हेरफेर वा घटाउने आदेश दिन सक्नेछ :-

(क) कमाण्डिङ्ग अधिकृतले दिएको सजायको हकमा त्यस्तो कमाण्डिङ्ग अधिकृत भन्दा कमाण्डमा उच्च भएको जुनसुकै अधिकृत,

(ख) अरु कुनै अधिकारीले दिएको सजायको हकमा नेपाल सरकार, प्रधान सेनापति वा प्रधान सेनापतिबाट तोकिएको अरु अधिकृत ।

११९. <u>सैनिक अदालतको आदेश वा फैसला उपर पुनरावेदन</u> : (१) दफा ६८ को खण्ड (क) अन्तर्गत जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर पुनरावेदन सुन्न देहायको एक सैनिक विशेष अदालत रहनेछ :-

| | | |
|---|---|---|
| (क) | न्याय परिषद्को सिफारिसमा नेपाल सरकारले तोकेको उच्च अदालतको न्यायाधीश | - अध्यक्ष |
| (ख) | रक्षा मन्त्रालयका सचिव | - सदस्य |
| (ग) | प्राड विवाकका प्रमुख | - सदस्य |

(२) दफा ६८ को खण्ड (क) अन्तर्गत जनरल सैनिक अदालत र समरी जनरल सैनिक अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर चित्त नवुझ्ने पक्षले सो फैसला वा अन्तिम आदेश भएको मितिले ३५ दिनभित्र उपदफा (१) बमोजिमको अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अदालतले दफा ६२ अन्तर्गतका मुद्दाको शुरु कारबाही र किनारा समेत गर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको फैसला उपर ३५ दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको अदालतले मुद्दाको शुरु कारबाही र किनारा तथा पुनरावेदनको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(६) दफा ६८ को खण्ड (ख) र (ग) अन्तर्गतको क्षेत्राधिकारभित्रका कसूरहरुको सम्बन्धमा सैनिक अदालतबाट भएको फैसला वा अन्तिम आदेश

कानून तथा न्याय, संसदीय मामिला मन्त्रालय

उपर चित्त नबुझ्ने पक्षले फैसला वा अन्तिम आदेश भएको मितिले ३५ दिनभित्र प्राड विवाक मार्फत प्रधान सेनापति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम परेको पुनरावेदनको कारबाही र किनारा गर्नका लागि देहायको एक पुनरावेदन समिति रहनेछ :-

(क) प्रधान सेनापतिले तोकेको सहायक रथी - अध्यक्ष

(ख) प्रधान सेनापतिले तोकेको महासेनानी - सदस्य

(ग) सम्बन्धित मुद्दाको सैनिक अदालतमा संलग्न नरहेको प्राड विवाकको प्रतिनिधि - सदस्य

(८) उपदफा (७) बमोजिमको समितिले पुनरावेदनको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१३

## सजायको कार्यान्वयन

१२०. <u>कैद अवधिको गणना</u> : (१) सैनिक अदालतद्वारा दिइएको कैद सजाय दोहोऱ्याई हेरिएको भए तापनि नभए तापनि हिरासतमा राखेको भए सो मिति देखि र नराखेको भए मुद्दाको शुरु कारबाहीमा अध्यक्षले र समरी सैनिक अदालतको हकमा उक्त अदालतको अधिकृतले हस्ताक्षर गरेको मिति देखि कैदको अवधि गणना गरिनेछ ।

(२) जङ्गी कारबाहीमा लागेको बखतमा कसूर गरेको भनी सैनिक अदालतबाट दोषी ठहर भएका व्यक्तिलाई बर्खास्त नगरी कैदको सजाय तोकिएकोमा कुनै कारणले कारागार चलान गर्न नसकिएको अवस्थामा तोकिएको अधिकृतले आफ्नो पदको जिम्मेवारी सम्हाली काम गर्न निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवस्थामा गरेको सेवा अवधि कैदमा रहे सरह गणना गरिनेछ ।

१२१. <u>कैद सजायको तामेली</u> : (१) सैनिक अदालतबाट कैद सजाय पाएको व्यक्तिलाई सजाय सदर गर्ने अधिकृतले वा समरी सैनिक अदालतको हकमा अदालतका अधिकृतले कैदको सजाय भुक्तान गर्न कारागार चलान गर्न आदेश दिनेछ ।

(२) उपदफा (१) बमोजिम आदेश दिएपछि सजाय भोग्ने व्यक्तिको कमाण्डिङ्ग अधिकृत वा निजले तोकेको अरु अधिकृतले थुनुवा पूर्जीसाथ त्यस व्यक्तिलाई कारागार चलान गर्नु पर्नेछ ।

(३) कैदीलाई एक ठाउँबाट अर्को ठाउँमा सार्दा उम्की, भागी जान वा अरु अवाञ्छित काम गर्न नपाउने गरी मनासिब माफिकको प्रतिबन्ध लगाउन सकिनेछ ।

(४) कारागारमा थुनिएको कैदीको सम्बन्धमा पहिले जारी भएको आदेशको सट्टा नयाँ आदेश जारी भएमा त्यस्तो आदेश दिने अधिकृतले सोही बमोजिमको थुनुवा पूर्जी सम्बन्धित कारागार प्रमुखलाई दिनु पर्नेछ ।

(५) सैनिक अदालतबाट कैदको सजाय पाएको र अन्य कारणले यस ऐन बमोजिम जारी भएको थुनुवा पूर्जी वा अरु कुनै लिखतमा सामान्य त्रुटि भएको वा ढाँचा नमिलेको कारणबाट मात्र कुनै थुनुवालाई गैरकानूनी थुनामा राखेको मानिने छैन ।

(६) कैदको सजाय भुक्तान गराउन कारागार पठाउने आदेश भएकोमा सो कारागारमा नपठाउँदासम्म अभियुक्तलाई अरु उपयुक्त स्थानमा हिरासतमा राख्न सकिनेछ ।

(७) तीन महीना भन्दा कम कैदको सजाय भएको अवस्थामा उपदफा (१) बमोजिमको अधिकृतले त्यस्तो सजाय पाएका व्यक्तिलाई सैनिक हिरासतमा राखी सजाय भुक्तान गराउने आदेश दिन सक्नेछ ।

(८) जङ्गी कारबाहीमा लागेको बखतमा कमाण्डिङ्ग अधिकृतले तोकेको ठाउँमा थुनी कैदको सजाय भुक्तान गराउन सक्नेछ ।

(९) यस ऐन बमोजिम कैदमा रहेका कैदीलाई कैदमा रहँदा शारीरिक सजाय दिइने छैन र प्रचलित कानूनले व्यवस्था गरेको भन्दा अन्यथा हुने गरी कैद सजाय दिइने छैन ।

(१०) सैनिक कारागार वा सैनिक हिरासतमा कैद सजाय तामेल हुन नसक्ने अवस्था छ भन्ने सेना, चमु, पृतना वा वाहिनी कमाण्ड गर्ने अधिकृतलाई लागेमा अन्य कुनै कारागारमा कैद भुक्तान गराउन आदेश दिन सक्नेछ ।

१२२. <u>युद्धबन्दी मान्नु पर्ने अवधि</u> : दफा १३१ को प्रयोजनको लागि कुनै व्यक्तिको दफा १२९ मा उल्लेख भए बमोजिम निजको आचरणको जाँचबुझ समाप्त नभएसम्म र जाँचबुझ समाप्त भएपछि आचरण बापत सेवाबाट बर्खास्त भएछ भने बर्खास्त भएको दिनसम्म युद्धबन्दी भइरहेको मानिनेछ ।

१२३. <u>तलब भत्ता कटौती</u> : (१) सजायको आदेश कार्यान्वयन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको अवस्थामा अधिकृतको तलब भत्ता देहाय बमोजिम कट्टा गरिनेछ :-

(क) कमाण्डिङ्ग अधिकृतलाई दिएको स्पष्टीकरण सन्तोषजनक भई नेपाल सरकारबाट स्वीकृत भएमा बाहेक गयल भएको दिनको तलब भत्ता,

(ख) कुनै सैनिक वा अन्य अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दिएको सजायको आदेश बमोजिम

हिरासतमा रहेको वा ड्युटीबाट निलम्बन भएको बेलाको तलब भत्ता,

(ग) गैरकानूनी रुपमा कसैको तलब रोकेको वा दिन इन्कार गरेकोमा दिनु पर्ने ठहरिन आएको रकम,

(घ) सैनिक अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले सजायको आदेश दिँदा हुन गएको खर्च पूर्ति गर्न चाहिने रकम,

(ङ) सैनिक अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दिएको सजायको आदेश बमोजिम जफत गर्ने वा रोक्ने भनी आदेश दिएको सबै तलब भत्ता,

(च) सैनिक अदालत वा दफा ६६ बमोजिम अन्य कुनै अदालतबाट गरिएको जरिबाना बापतको रकम,

(छ) कुनै अधिकृतको लापरवाही वा गल्तीले नेपाल सरकार वा नेपाली सेनाको निजी सम्पत्ति चोरी वा हानि नोक्सानी भएको भनी रीतपूर्वकको तहकिकातबाट देखिन आएमा त्यस्तो सम्पति पूर्ति गर्न चाहिने रकम,

(ज) कुनै अधिकृत शत्रुसँग मिल्न गएको वा शत्रुको कब्जामा रहेको बेलामा शत्रुको सेवा गरी बसेको वा शत्रुको आदेश अन्तर्गत वा अरु तवरले शत्रुलाई सहायता गरेको वा अघिबाटै उचित सावधानी नगरी जानी जानी आफ्नो कर्तव्य पालनमा लापरवाही गरी शत्रुको कैदी भएको वा शत्रुको कैदी भएपछि पनि फिर्ता आउन सक्ने अवस्था हुँदाहुँदै आफ्नो पक्षमा नआएको भन्ने प्रधान सेनापतिले खडा गरेको कोर्ट अफ् इन्क्वायरीबाट ठहर भई नेपाल सरकारको आदेशले जफत भएको सबै तलब भत्ता रकम,

(झ) आफ्नो पत्नी र छोरा छोरीको पालन पोषणको लागि नेपाल सरकारको आदेशले दिनु पर्ने रकम वा त्यस्ता छोराछोरीको पालन पोषणको लागि नेपाल सरकारले दिई राखेको रकम,

(२) उपदफा (१) को व्यवस्थाको अधीनमा रही यस ऐनको क्षेत्राधिकारभित्र पर्ने अधिकृत वाहेक अरु व्यक्तिको तलब भत्ता रकमबाट देहाय बमोजिम कटौती गर्न सकिनेछ :-

(क) गयल वा भगुवा वा युद्धबन्दी भए वा सैनिक वा अन्य अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकृतले कैद गरे बापत वा सैनिक अदालत वा त्यस्तो अधिकृतले

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

रणभूमि सजाय गरे बापत गयल भएको प्रत्येक दिनको तलब भत्ता र कुनै अभियोगमा थुनिएकोमा पछि सैनिक अदालत वा अन्य अदालतबाट दोषी सावित भै त्यस्तो थुनामा रहेको अवधिको प्रत्येक दिनको तलब भत्ता रकम,

(ख) सैनिक वा अन्य अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दोषी ठहराएको कसूरको अभियोगमा अघि हिरासतमा भएको वा निलम्वन भएको बखतको तलब भत्ता रकम,

(ग) यस ऐन अन्तर्गत कसूर ठहरिने काम गरेबाट विरामी भएको भनी चिकित्सकले परीक्षण गरी प्रमाणपत्र दिएमा त्यसरी विरामी भई अस्पताल वसेको प्रत्येक दिनको तलब भत्ता रकम,

(घ) दुराचार वा लापरवाहीबाट विरामी हुन गएको भनी चिकित्सकले परीक्षण गरी प्रमाणपत्र दिएमा त्यसरी बिरामी भई अस्पतालमा बसेको प्रत्येक दिनको नेपाल सरकारले तोकेको वा नेपाल सरकारद्वारा अधिकार प्राप्त कुनै अधिकृतले तोकेको रकम,

(ङ) सैनिक अदालत वा विभागीय सजायको आदेश दिन पाउने अधिकारीबाट जफत गर्ने वा रोक्ने भनी आदेश भएको तलब भत्ता रकम,

(च) शत्रुले युद्धबन्दीको रुपमा राखेको वा शत्रुको कब्जामा रहेको बखत आफ्नो आचरणका कारण सेवाबाट बरखास्त गरिएको मितिले शत्रुबाट छुटाइएको मितिसम्मको प्रत्येक दिनको तलब भत्ता रकम,

(छ) नेपाल सरकारको कुनै घर वा सम्पत्तिको हानि नोक्सानी वा नाश गरे, हराए वा अनावश्यक रुपमा कुनै खर्च गराएको भनी आफ्नो कमाण्डिङ्ग अधिकृतले ठहऱ्याएमा त्यस्तो पूर्ति गर्न चाहिने रकम,

(ज) सैनिक अदालत वा अन्य अदालत वा दफा ६६, १०५ वा १०७ बमोजिम अधिकार प्रयोग गर्ने कुनै अधिकारीबाट गरिएको जरिबाना तिर्न चाहिने रकम,

(झ) आफ्नो पत्नी र छोरा छोरीको पालन पोषणको लागि नेपाल सरकारको आदेशले दिनु पर्ने रकम वा त्यस्ता छोरा छोरीको पालन पोषणको लागि नेपाल सरकारले दिइराखेको रकम ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१२४. <u>गयल वा हिरासतमा परेको समयको गणना</u> : दफा १२३ को उपदफा (२) को खण्ड (क) को प्रयोजनको लागि,-

(क) एक दिन वा एक भन्दा बढी दिन गरी लगातार ६ घण्टा भन्दा कम गयल भएमा वा हिरासतमा परेमा गयल भएको वा हिरासतमा परेको मानिने छैन ।

(ख) एक दिन भन्दा कम्ती गयल भएको वा हिरासतमा परेको कारणबाट कुनै सैनिकले पूरा समय काम गर्न नपाई अरु कसैलाई सो काममा लगाइएमा त्यसरी एक दिन भन्दा कम गयल वा हिरासतमा परेकालाई एक दिन गयल भएको वा हिरासतमा परेको मानिनेछ ।

(ग) कुनै दिन लगातार बाह्र घण्टा वा बढी गयल भएको वा हिरासतमा परेको भए त्यस्तो समय जति भए तापनि एक दिन मात्र गयल भएको वा हिरासतमा परेको मानिनेछ ।

(घ) मध्य रात अगाडि देखि गयल भई वा हिरासतमा रही मध्य रात पछि सो गयल वा हिरासत अन्त भएमा पूरा एक दिनको अवधि मानिनेछ ।

१२५. <u>मुद्दा पुर्पक्ष हुँदाको तलब भत्ता</u> : कुनै अभियोग लागी हिरासतमा रहेको वा निलम्वन भएको यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिको हकमा तोकिएको अधिकृतले दफा १२३ को उपदफा (१) को खण्ड (ख) र उपदफा (२) को खण्ड (ख) को कार्यान्वयनको लागि मुद्दा किनारा नलागेसम्म निजको तलब भत्ता रोक्का राख्न निर्देशन दिन सक्नेछ ।

१२६. <u>कटौतीको हद</u> : बर्खासीको सजाय भएकोमा बाहेक दफा १२३ को उपदफा (२) को खण्ड (घ), (च), (छ) र (ज) सम्ममा लेखिएका कुराहरूबाट तलब भत्तामा हुने कटौती सम्बन्धित व्यक्तिले पाउने कुनै पनि महिनाको तलब भत्ताको आधा भन्दा बढी हुने छैन ।

१२७. <u>सञ्चय कोष, निवृत्तभरण बाहेक अरु रकमबाट कट्टा हुने</u> : यस ऐन बमोजिम कुनै व्यक्तिको तलब भत्ताबाट कट्टा हुने जति रकम असुल उपर गर्ने कुनै अर्को तरिकामा प्रतिकूल प्रभाव नपारी सञ्चय कोष र निवृत्तभरणबाट बाहेक सो व्यक्तिले पाउने अरु रकमबाट कट्टा हुन सक्नेछ ।

१२८. <u>सरकारी बाँकी सरह असुल उपर गरिने</u> : यस ऐन बमोजिम अदालती कारबाही गर्दा लागेको जरिबाना असुल उपर गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउन सकिनेछ । त्यसरी लेखी आएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले प्रचलित नेपाल कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरी सम्बन्धित विभागमा पठाउनु पर्नेछ ।

१२९. चाल चलन बारे जाँचबुझ हुँदासम्म युद्धबन्दीको तलब भत्ता : यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति युद्धबन्दी हुँदा वा शत्रुको कब्जामा भएको बखत यो ऐन वा अरु ऐन अन्तर्गत चाल चलन बारे जाँचबुझ गर्नु पर्दा प्रधान सेनापति वा निजबाट अधिकार प्राप्त कुनै अधिकृतले त्यस्तो जाँचबुझको परिणाम थाहा नहुँदासम्म निजको पूरै वा आंशिक तलब भत्ता रोक्ने आदेश दिन सक्नेछ ।

१३०. कटौतीहरू माफी दिने : यस ऐन बमोजिम तलब भत्तामा हुने कटौती तोकिए बमोजिमको मात्रामा माफी दिन सकिनेछ ।

१३१. माफी भएको कटौतीबाट युद्धबन्दीको आश्रितहरूको व्यवस्था : (१) युद्धबन्दी भएका यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिको तलब भत्ता दफा १२३ को उपदफा (१) को खण्ड (ज) र उपदफा (२) को खण्ड (क) बमोजिम जफत भएको तर दफा १३० बमोजिम माफी भएको रहेछ भने तोकिएको अधिकारीहरूले त्यस्ता व्यक्तिका आश्रितहरूलाई सो तलब भत्तामध्येबाट राशन र अरु आवश्यक कुराको व्यवस्था मिलाई दिनु पर्नेछ । त्यस्तो व्यवस्था मिलाइएकोमा बाँकी रहने रकम मात्र माफी भएको मानिनेछ ।

(२) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति युद्धबन्दी भएको रहेछ वा जङ्गी कारबाहीमा हराएको रहेछ भने तोकिए बमोजिम निजको तलब भत्ताबाट निजका आश्रितहरूको निमित्त उपयुक्त राशन र अन्य कुराको व्यवस्था मिलाइनेछ ।

१३२. नेपाल बाहिर रहेको अवस्थामा सजायको कार्यान्वयन : (१) यस ऐन बमोजिम सजाय पाएको व्यक्ति नेपाल राज्य बाहिर रहेको अवस्थामा निज रहेकै मुलुकमा वा नेपाल ल्याई सजायको कार्यान्वयन गर्न सकिनेछ ।

(२) नेपाली सेनामा कार्यरत कुनै व्यक्ति नेपाल राज्य बाहिर बसेको समयमा सेवाबाट मुक्त हुने भएमा वा मुक्त भए पछि निजलाई नेपाल झिकाउन सकिनेछ ।

## परिच्छेद-१४

## विविध

१३३. हातहतियार, खरखजाना तथा अन्य सैन्य सामग्रीको नियन्त्रण तथा जिम्मेवारी : (१) नेपाल सरकारले तोकेको व्यवस्थाको अधीनमा रही नेपाली सेनाको हातहतियार, खरखजाना तथा अन्य सैन्य सर सामग्रीको नियन्त्रणको जिम्मा प्रधान सेनापतिमा रहनेछ ।

(२) नेपाली सेनाका लागि हातहतियार, खरखजाना तथा अन्य सैन्य सर सामग्री खरिद गर्न आवश्यक परेमा प्रधान सेनापतिले त्यसको पुष्ट्याइँ सहितको विवरण रक्षा मन्त्रालयमा प्रस्तुत गर्नु पर्नेछ । त्यसरी प्राप्त विवरणका सम्बन्धमा

नीतिगत निर्णयका लागि मन्त्रिपरिषद्मा सिफारिस गर्न राष्ट्रिय सुरक्षा परिषद्मा पेश गर्नु पर्नेछ ।

(३) प्रधान सेनापतिले आफ्नो जिम्मामा रहेको नेपाली सेनाको हातहतियार, खरखजाना तथा अन्य सैन्य सर सामग्री प्रचलित कानून तथा नेपाल सरकारले दिएको निर्देशन बमोजिम आफ्नो नियन्त्रण तथा जिम्मेवारीमा नेपाली सेनाको कुनै अङ्गलाई उपलब्ध गराउने आदेश दिन सक्नेछ ।

(४) प्रधान सेनापतिले नेपाली सेनाको हातहतियार, खरखजाना तथा अन्य सैन्य सर सामग्री नेपाल सरकारको स्वीकृति लिई नेपाली सेनाका अङ्ग बाहेक अन्य निकायलाई हस्तान्तरण गर्न वा बालगिरीमा दिन सक्नेछ ।

(५) प्रधान सेनापतिले नेपाली सेनाको हातहतियार, खरखजाना तथा अन्य सैन्य सर सामग्रीको अद्यावधिक विवरण प्रत्येक ६/६ महीनामा रक्षा मन्त्रालयमा पेश गर्नु पर्नेछ र सो बाहेक रक्षा मन्त्रालयले माग गरेको समयमा त्यसको अद्यावधिक विवरण पेश गर्ने कर्तव्य प्रधान सेनापतिको हुनेछ ।

(६) सेनाको काम र तालीमको लागि खर्च भएको हातहतियार खरखजाना मिन्हा दिने अधिकार प्रधान सेनापतिलाई हुनेछ र सो बाहेक अन्य काममा खर्च भएको हातहतियार तथा खरखजाना मिन्हा दिने अधिकार रक्षा मन्त्रालयलाई हुनेछ ।

१३४. प्रधान सेनापतिको पारिश्रमिक तथा सुविधा : (१) प्रधान सेनापतिको मासिक पारिश्रमिक नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(२) नेपाल सरकारले प्रधान सेनापतिको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चय कोष कट्टा गरी सो कट्टा रकममा शत प्रतिशत थप गरी सञ्चय कोषमा जम्मा गरिदिनेछ ।

(३) काठमाडौं उपत्यकाभित्र उपयुक्त घर नहुने प्रधान सेनापतिलाई आवासका लागि नेपाल सरकारको तर्फबाट उपयुक्त घरको बन्दोवस्त हुनेछ ।

(४) प्रधान सेनापतिलाई नेपाल सरकारको तर्फबाट सवारी साधन उपलब्ध गराइनेछ ।

(५) प्रधान सेनापतिले सेवाबाट अवकाश प्राप्त गरेपछि नेपाली सेनाको निवृत्तभरण सम्बन्धी प्रचलित नियम अनुसार निवृत्तभरण पाउनेछ ।

(६) प्रधान सेनापतिको एकाघरसँगको परिवारलाई देहाय बमोजिमको पारिवारिक निवृत्तभरण दिइनेछ :-

(क) प्रधान सेनापति आफ्नो पदमा छँदै मृत्यु भएमा नेपाल सरकारले तोके बमोजिमको एकमुष्ट रकम,

(ख) उपदफा (५) बमोजिम निवृत्तभरण पाउन थालेको नौ वर्ष नपुग्दै निजको मृत्यु भएमा नौ वर्ष पुग्न जति अवधि बाँकी रहन्छ त्यति अवधिसम्म सोही बमोजिमको रकम ।

(७) उपदफा (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कायम मुकायम प्रधान सेनापति भई कार्यभार सम्हालेको अवधिको निवृत्तभरण वा पारिवारिक निवृत्तभरण दिइने छैन ।

(८) प्रधान सेनापतिले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहित देहाय बमोजिमको विदा पाउनेछ :-

(क) भैपरि आउने विदा बीस दिन,

(ख) घर विदा पैंतालीस दिन,

(ग) बिरामी विदा पन्ध्र दिन ।

(९) भैपरि आउने विदा सोही वर्ष उपयोग नभएमा अर्को वर्ष सञ्चित हुने छैन। घर विदा अधिकतम पैतालीस दिनसम्म र बिरामी विदा सेवा अवधिभरको सञ्चित रहनेछ। प्रधान सेनापतिले अवकाश प्राप्त गर्दा सञ्चित रहेको घर विदा र बिरामी विदा बापतको रकम प्राप्त गर्नेछ ।

(१०) प्रधान सेनापतिले भैपरि आउने विदा आफै लिन सक्नेछ र घर विदा तथा बिरामी विदा रक्षामन्त्रीबाट स्वीकृत गराउनु पर्नेछ ।

(११) नेपाल सरकारले विदा भुक्तान नहुँदै प्रधान सेनापतिलाई काममा फिर्ता बोलाउन सक्नेछ ।

१३५. जङ्गी कारबाहीमा लागेको घोषणा : नेपाल सरकारले यस ऐनको क्षेत्राधिकारभित्र पर्ने जुनसुकै व्यक्ति वा व्यक्तिहरूको बललाई जहाँसुकै काम गरिरहेको भए तापनि वा अरु कुनै ऐन लागू भैरहेको भए तापनि जङ्गी कारबाहीमा लागेको भनी घोषणा गर्न सक्नेछ ।

१३६. सैनिक कारागार : नेपाल सरकारले आफ्नो अधीनमा रहेको मानवोचित भौतिक सुविधाहरु भएको कुनै घर वा घरको कुनै भागलाई सैनिक अदालतबाट कैद सजाय पाएका व्यक्तिलाई थुनामा राख्नको निमित्त सैनिक कारागार भनी तोक्न सक्नेछ ।

१३७. कुनै बलमा यस ऐनको प्रयोग : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास कामको निमित्त छुट्टै बल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा त्यसरी गठित बललाई नेपाल सरकारले यस ऐनका सबै वा केही दफाहरू रुपान्तर गरी वा नगरी लागू

गर्न वा कुनै दफालाई केही समयसम्मको निमित्त स्थगन गर्ने गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशमा आवश्यक शर्त समेत तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको व्यवस्था दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमका व्यक्तिहरुको हकमा समेत लागू गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको बलमा नेपाल सरकारले नेपाली सेनामा कार्यरत विभिन्न दर्जाका सैनिकलाई समेत खटाउन सक्नेछ ।

१३८. विशेष अवस्थामा अधिकार प्रयोग गर्ने अधिकृतहरू : (१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिहरूले नेपाली सेनाको कुनै एकाइमा रहने संख्या भन्दा बढी संख्या भएको कुनै सैनिक सङ्गठनका कमाण्डिङ्ग अधिकृतको अधीन काम गरिरहेको बखत त्यस्तो व्यक्तिहरू उपर कमाण्डिङ्ग अधिकृतको अधिकार प्रयोग गर्ने गरी नेपाल सरकारले यो ऐन अन्तर्गत सेना, चमु, पृतना तथा वाहिनीको अधिकृतलाई निमित्त मुकर्रर गर्न सक्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम मुकर्रर गर्दा यस ऐन अन्तर्गत सबै वा केही अधिकार, सीमा, अपवाद र शर्तहरू तोक्न सक्नेछ ।

१३९. श्रेणी विभाजन तथा समावेश : (१) नेपाल सरकारले यस ऐनको क्षेत्राधिकारभित्र पर्ने दफा ३ बमोजिमको कुनै व्यक्ति वा व्यक्तिहरूको बललाई अधिकृत, पदिक वा बिल्लादार श्रेणीमा विभाजन गर्न र कुनै व्यक्तिलाई त्यसरी विभाजित श्रेणीमा समावेश गर्न र पहिले श्रेणीमा विभाजित भएकोमा बदर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति अधिकृत, पदिक वा बिल्लादार श्रेणीमा विभाजन नगरिएको भए निज बिल्लादार भन्दा मुनिको मानिनेछ ।

१४०. जाँचबुझ आयोग गठन गर्न सक्ने : (१) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति समेत संलग्न भएको कुनै सार्वजनिक सरोकारका विषयमा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम जाँचबुझ आयोग गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने जाँचबुझ आयोगको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था सोही ऐनमा लेखिए बमोजिम हुनेछ ।

१४१. अधिकार प्रत्यायोजन गर्न सक्ने : (१) नेपाल सरकारले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार प्रधान सेनापति तथा मातहतका निकाय वा अधिकारी वा अन्य सरकारी निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) नेपाल सरकारले विशेष परिस्थितिमा प्रचलित कानून बमोजिम आफू वा कुनै निकाय वा अधिकारीमा निहित अख्तियार आवश्यकता अनुसार प्रधान सेनापति र निज मातहतका एकाइलाई सुम्पन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सुम्पिएको अख्तियार सुम्पिएकै अवस्थामा नेपाल सरकार वा सम्बद्ध निकाय वा अधिकारी आफैले प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(४) यस ऐन तथा प्रचलित कानून बमोजिम प्रधान सेनापतिले आफूलाई प्राप्त अधिकार आफ्नो उत्तरदायित्वमा मातहतका निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४२. <u>निर्देशन दिन सक्ने</u> : (१) नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गराउन प्रधान सेनापतिलाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको निर्देशन कार्यान्वयन गर्नु, गराउनु प्रधान सेनापतिको कर्तव्य हुनेछ ।

१४३. <u>नियम बनाउने अधिकार</u> : (१) यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी नेपाली सेना सम्बन्धी देहायका विषयहरूमा नियमहरू बनाउन सकिनेछ :-

(क) नियुक्ति, विदा, बढुवा, दर्जा घटाउने, अवकाश, बर्खास्त तथा सेवाका अन्य शर्त सम्बन्धी विषयमा,

(ख) उन्मुक्ति र सुविधा सम्बन्धी विषयमा,

(ग) कल्याणकारी कोष सञ्चालन सम्बन्धी विषयमा,

(घ) कसूरको अनुसन्धान, तहकिकात, अभियुक्तलाई हिरासतमा राख्ने र मुद्दा दायर सम्बन्धी विषयमा,

(ङ) सैनिक अदालतको गठन, विघटन, स्थगन, चालू गर्ने, अधिकार क्षेत्र, कार्यविधि, मुद्दा सदर गर्ने र दोहोऱ्याउने, ठहर वा सजाय कार्यान्वयन सम्बन्धी विषयमा,

(च) रणभूमि सजायको किसिम निर्धारण सम्बन्धी विषयमा,

(छ) कोर्ट अफ इन्क्वायरीको गठन, कार्यविधि, त्यस्तो कोर्टले शपथ गराउने तरिका र साक्षी प्रमाणको अभिलेख सम्बन्धी विषयमा,

(ज) आश्रित व्यक्तिलाई सहायताको बन्दोवस्त र त्यसको कार्यान्वयन सम्बन्धी विषयमा,

(झ) वेकम्मा वा वेचल्तीको सामानहरू मिन्हा र रद्दी सम्बन्धी विषयमा,

(ञ) भगुवाको तलब, भत्ता र अरु रकमको व्यवस्था सम्बन्धी विषयमा,

(ट) सैनिक कारागारहरूको प्रशासन, रेखदेख, व्यवस्थापन र कारागार अधिकृतको सेवाका शर्त सम्बन्धी विषयमा,

(ठ) कैदीहरूको सुरक्षा, अनुशासन, विशेष परिश्रम, उनीहरूलाई काममा लगाउने, कसूर बापत सजाय र सजाय माफी सम्बन्धी विषयमा,

(ड) हातहतियार, खरखजाना तथा अन्य सैन्य सर सामग्रीको अरन, खटन पटन, हस्तेवारी दिने, मिन्हा र रद्दी सम्बन्धी विषयमा,

(ढ) इन्टेलिजेन्स काममा खर्च भएको रकम, रिभल्भिङ फण्डबाट खर्च भएको रकम तथा भैपरि आउने कामको लागि भएको खर्च रकम मिन्हा सम्बन्धी विषयमा,

(ण) मनोरञ्जन अनुदान सम्बन्धी विषयमा,

(त) भगूवा उपर कारबाही सम्बन्धी विषयमा,

(थ) सैनिक अस्पतालको व्यवस्था सम्बन्धी विषयमा,

(द) सैनिक चन्दा र पुरस्कार सम्बन्धी विषयमा,

(ध) प्राड विवाक नियुक्ति सम्बन्धी विषयमा,

(न) हवाई परिवहन तथा विमान संभार समूह सम्बन्धी विषयमा,

(प) प्यारासूट फोल्डर महिला सम्बन्धी विषयमा,

(फ) रक्षा आर्थिक कार्यविधि तथा दैनिक तथा भ्रमण भत्ता सम्बन्धी विषयमा,

(ब) उपदान, निवृत्तभरण र अन्य सुविधा सम्बन्धी विषयमा,

(भ) अल्प सेवा सम्बन्धी विषयमा,

(म) सैनिक उपचारिका सम्बन्धी विषयमा,

(य) लेखा समूह सम्बन्धी विषयमा,

(र) सैनिक प्रहरी सम्बन्धी विषयमा,

(ल) सैनिक प्राविधिज्ञ सम्बन्धी विषयमा,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(व) भूतपूर्व सैनिक नियुक्ति सम्बन्धी विषयमा ।

१४४. <u>खारेजी र बचाउ</u> : (१) देहायका ऐनहरू खारेज गरिएका छन् :-

(क) सेना सम्बन्धी अख्तियार सुम्पने ऐन, २०१५

(ख) सैनिक ऐन, २०१६

(ग) प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त ऐन, २०२६

(२) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाली सेनामा बहाल रहेका सबै दर्जाका व्यक्ति यस ऐन बमोजिम नेपाली सेनाको तत् तत् पद तथा दर्जामा कायम रहेको मानिनेछ र निजहरू सेना सम्बन्धी प्रचलित कानूनले तोकेको अवधिसम्म आफ्नो पदमा बहाल रहने छन् ।

(३) उपदफा (१) बमोजिमका ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१४५. <u>रुपान्तर</u> : प्रचलित कानूनमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रुपान्तर गरिएको छ :-

(क) "शाही नेपाली सेना" को सट्टा "नेपाली सेना"

(ख) "श्री ५ को सशस्त्र सेना" को सट्टा "नेपाली सेना" ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

<u>द्रष्टव्य</u>:- (१) केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्द :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।
(२) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर गरिएका शब्दहरु :-
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

## अनुसूची-१

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

<u>सेनामा रहने पदहरु</u>

(क) महारथी

(ख) रथी

(ग) उपरथी

(घ) सहायक रथी

(ङ) महासेनानी

(च) प्रमुख सेनानी

(छ) सेनानी

(ज) सहसेनानी

(झ) उपसेनानी

(ञ) सहायक सेनानी

(ट) प्रमुख सुवेदार

(ठ) सुवेदार

(ड) जमदार

(ढ) हुद्दा

(ण) अमल्दार

(त) प्यूठ

(थ) सिपाही

(द) फलोअर्स

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

☞अनुसूची-२

(दफा ९ को उपदफा (२) र दफा १६ सँग सम्बन्धित)

<u>शपथ</u>

म ...................... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको ◎<u>नेपालको संविधान</u> प्रति पूर्ण वफादार रहँदै .................... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मिति :

...............
हस्ताक्षर

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

☞ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

## अनुसूची-३

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

**नेपाली सेनामा कार्यरत व्यक्तिहरुको उमेरको हद**

साधारणतर्फ :

| | | |
|---|---|---|
| (क) | महारथी | ६१ वर्ष |
| (ख) | रथी | ५८ वर्ष |
| (ग) | उपरथी | ५७ वर्ष |
| (घ) | सहायक रथी | ५६ वर्ष |
| (ङ) | महासेनानी | ५६ वर्ष |
| (च) | प्रमुख सेनानी | ५४ वर्ष |
| (छ) | सेनानी | ५३ वर्ष |
| (ज) | सहसेनानी | ५२ वर्ष |
| (झ) | उपसेनानी | ५१ वर्ष |
| (ञ) | सहायक सेनानी | ५० वर्ष |

प्राविधिकतर्फ :

| | | |
|---|---|---|
| (क) | उपरथी | ५८ वर्ष |
| (ख) | सहायक रथी | ५८ वर्ष |
| (ग) | महासेनानी | ५७ वर्ष |
| (घ) | प्रमुख सेनानी | ५६ वर्ष |
| (ङ) | सहायक सेनानीदेखि सेनानीसम्म | ५५ वर्ष |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-४

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

<u>नेपाली सेनाका अधिकृतहरुको पदावधि</u>

साधारणतर्फ :

| | | |
|---|---|---|
| (क) | रथी | २ वर्ष |
| (ख) | उपरथी | ३ वर्ष |
| (ग) | सहायक रथी | ४ वर्ष |
| (घ) | महासेनानी | ५ वर्ष |
| (ङ) | प्रमुख सेनानी | ५ वर्ष |
| (च) | सेनानी (अधिकृत सेवाको कुल अवधि) | २० वर्ष |

प्राविधिकतर्फ :

| | | |
|---|---|---|
| (क) | उपरथी | ३ वर्ष |
| (ख) | सहायक रथी | ४ वर्ष |
| (ग) | महासेनानी | ५ वर्ष |
| (घ) | प्रमुख सेनानी | ५ वर्ष |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-५

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

**नेपाली सेनाका अधिकृतहरुको थप हुनसक्ने पदावधि**

साधारण तर्फ :

| | | |
|---|---|---|
| (क) | रथी | एक वर्षको एक अवधि |
| (ख) | उपरथी | दुई वर्षको एक अवधि |
| (ग) | सहायक रथी | तीन वर्षको एक अवधि |
| (घ) | महासेनानी | दुई वर्षको एक अवधि |
| (ङ) | प्रमुख सेनानी | तीन वर्षको एक अवधि |
| (च) | सेनानी | एक पटकमा पाँच वर्षको एक अवधि र अर्को पटक तीन वर्षको अवधि गरी जम्मा आठ वर्ष । |

प्राविधिकतर्फ :

| | | |
|---|---|---|
| (क) | उपरथी | दुई वर्षको एक अवधि |
| (ख) | सहायक रथी | तीन वर्षको एक अवधि |
| (ग) | महासेनानी र प्रमुख सेनानी | तीन वर्षको एक अवधि |

द्रष्टव्य : प्रथम पदावधिबाट अवकास हुने प्रमुख सेनानीलाई सेवा अवधि थप गरी निवृत्तभरण दिईनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय